# परिच्छेद- एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्राचीनकालमा पहिलो पिंढीबाट दोस्रो पिंढीमा संस्कार, चालचलन, परम्परा, मूल्यमान्यता आदिलाई हस्तान्तरण गर्नको लागि पहिलो पाठशालाको रुपमा घरलाई नै लिने गरिन्थ्यो । जहाँ अभिभावकहरुले बालबालिकाहरुलाई अर्ति उपदेशको माध्यमबाट शिक्षा लिने दिने कार्य गरिन्थ्यो । घरबाट शुरु भएको शिक्षाको परम्परा पछि गएर वैदिक शिक्षा अन्तर्गत गुरुकुल शिक्षा पद्धतिमा विकास भएको पाइन्छ । वैदिक शिक्षा ब्रम्हचर्यामा आर्जन गरिने हुँदा उपनयनपछि वटुकहरुले गुरुकुलमा गुरुको साथमा ब्रम्हचर्य पालना गरी हिंसा, असत्य, रीस त्यागी पवित्र रही सन्तोषी बनेर यज्ञ, तपस्या र अध्ययन गर्ने गर्नुपर्दथ्यो । स्नान, शौचादि, नित्यकर्मपछि गुरुको समीपमा रहेर शिक्षा अध्ययन हुन्थ्यो (शर्मा, २०५७) ।

जङ्गबहादुर राणाले बेलायतबाट फर्केर आएपछि आफ्ना सन्तानलाई अङ्ग्रेजी भाषामा लेखापढी गर्न समर्थवान् बनाउन, अङ्ग्रेजसंग सम्पर्क बढाई आफ्नो शासन बलियो राख्न साथमा ल्याएका दुई अङ्ग्रेजहरुको सुपरिवेक्षणमा आफ्नै थापाथली दरबार, दाख चोकको भुई तलामा वि.सं. १९१० साल आश्विन २७ गतेका दिन अङ्ग्रेजी प्रारम्भिक स्कूल स्थापना गरेका थिए । प्राचीनकालदेखि वैदिक तथा बौद्धशिक्षाको परम्परा चलि आए तापनि आधुनिक संस्थागत शिक्षाको परिपाटी बसाल्नमा अङ्ग्रेजी शिक्षा पहिलो बन्यो (शर्मा, २०५७) ।

जङ्गबहादुरको मृत्युपछि दुनियाका छोराले पनि पढ्न पाउनु पर्छ भन्ने मनशायले कर्मकाण्ड तथा संस्कृत भाषा र साहित्यको पठन पाठन गराउन रणोद्विप सिंहले बि.सं. १९३४ मा रानीपोखरी पाठशालाको स्थापना गरेका थिए । सरकारी स्तरमा स्थापना भएको पहिलो पाठशाला रानीपोखरी पाठशाला हालसम्म सञ्चालन हुदै आएको छ । यसपछि विभिन्न कालखण्डमा शिक्षाको महत्व बढ्दै गएपछि विभिन्न भाषा पाठशालाहरुको स्थापना भई शिक्षाको आदानप्रदान भएको पाइन्छ ।

नेपाल सरकारले बाहेक कसैले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित जिल्ला शिक्षा समितिको सिफारिस सहित नेपाल सरकार वा तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनुपर्दछ । त्यसरी निवेदन दिंदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय कम्पनी वा शैक्षिक गुठी कुन रुपमा सञ्चालन गर्ने हो सो कुरा समेत निवेदनमा उल्लेख गर्नुपर्दछ । शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक वोर्ड (ट्रष्ट) मा सार्वजनिक गुठी भए कम्तिमा पाँच जना र निजी गुठी भए कम्तिमा तीन जना सदस्य हुनुपर्दछ ( शिक्षा ऐन, २०२८ ) ।

शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धि विधान बनाई सम्बन्धित निर्देशनालयमा दर्ता गराउनु पर्नेछ। शैक्षिक गुठी निजी र सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ। सार्वजनिक शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक, प्रधानाध्यापक, मन्त्रालयले तोकेको व्यक्ति तथा निजी शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक वा निजले तोकेको व्यक्ति पदेन गुठीयार हुनेछ। सार्वजनिक शैक्षिक गुठीको गुठीयारमा सरकारी प्रतिनिधि, स्थानीय निकायका प्रतिनिधि र अभिभावक मध्येबाट कम्तिमा एक, एक जना सदस्य राख्नुपर्नेछ। विद्यालयको सञ्चालन ऐन तथा यस नियमावलीमा लेखिए बमोजिम हुनेछ (शिक्षा नियमावली, पांचौ संशोधन, २०६७)।

शिक्षाको विकासबिना मानवीय विकास सम्भव हुदैन। मानवीय विकास नभई कुनै पनि देशको विकासात्मक क्रियाकलाप सञ्चालन गर्न कठिन हुन्छ। लगानीको अनुपातमा उपलब्धि नगण्य हुन्छ। विकासात्मक कार्यहरु सफल रुपमा कार्यान्वयन गर्नका लागि जनस्तरमा कार्यदक्षता, क्षमता र चेतनाको स्तर आवश्यक पर्दछ। कार्यदक्षता, क्षमता र चेतनाको स्तर उकास्न शिक्षाको स्तर उकास्नु अनिवार्य आवश्यक हुन्छ। जसले गर्दा प्रत्येक मानवको आफ्नो भविष्यको रुपरेखा तयार गर्ने जस्ता कार्यहरुको लागि उसले प्राप्त गरेको शिक्षा नै निर्धारक तत्व हुन जान्छ। त्यसैले विश्व कै भावी पुस्ताको जीवनस्तर उकास्न संयुक्त राष्ट्रसंघले सबैका लागि शिक्षा भन्ने नारा अघि सारेको थियो। देशका सम्पूर्ण जनतालाई जबसम्म शिक्षा प्रदान गर्न सकिन्न तबसम्म देश विकासको गतिमा तिब्रता ल्याउन सकिन्न, किनकि देश विकासको मुख्य साधन भनेको नै मानवीय साधन हो। यही कुरालाई मनन गर्दै आज संसारभरि नै शिक्षालाई सर्वसुलभ बनाउन, शिक्षामा सबैको पहुंच अभिवृद्धि गर्न र शैक्षिक क्षति कम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालित छन्। अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा, सबैका लागि शिक्षा, लक्षित समूहका निमित्त छात्रवृत्ति जस्ता कार्यक्रमहरु र शिक्षाको समान अवसर जस्ता नाराहरु परिपूर्ति गर्न नेपाल सरकार र विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरु लागिपरेका छन्। तथापि विश्वका लगभग एक तिहाई जनता अझ पनि निरक्षर छन्। महिला, दलित, पिछडिएका समुदायको अवस्था अझ नाजुक छ। मुलुकमा शिक्षा क्षेत्र स्रोत र साधनका अभावका कारण आशातीत लक्ष्यमा पुग्न समेत सकेको छैन। विभिन्न समस्याका कारण हाम्रो देशमा सबैका लागि शिक्षा भन्ने विश्वव्यापी लक्ष्य प्राप्त गर्न कठिन र जटिल अवस्था भोगीरहेको छ। सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगका साथ व्यवहारिक एवं प्रभावकारी रुपमा शैक्षिक लक्ष्यहरु प्राप्त गर्न प्रतिबद्ध छ (शिक्षा विभाग, २०६४)।

## १.२ समस्याको कथन

सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालय सञ्चालनको स्वीकृति पाएपछि स्थानिय समुदायबाट नै सञ्चालन, व्यवस्थापन हुने गर्दछ । नाफा वितरण नगर्ने लक्ष्य तथा उद्देश्यका साथ स्थापना तथा सञ्चालन गरिएका यस्ता विद्यालयहरुमा लगानी गर्ने व्यक्तिहरुको न्यून सहभागिता हुने गर्दछ । जसले गर्दा विद्यालयका भौतिक सुविधाहरुका लागि आवश्यक संरचनाहरु निर्माण गर्न कठिनाइ हुन जान्छ। विद्यालयमा आवश्यक भौतिक सुविधाहरु अपर्याप्त भएको खण्डमा शिक्षक तथा विद्यार्थीहरुलाई शैक्षिक क्रियाकलापमा कठिनाइ हुन जान्छ । विद्यालयलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि विद्यालय व्यवस्थापनको प्रमुख भूमिका रहन्छ । विद्यालयको भौतिक तथा शैक्षिक पक्षको व्यवस्थापन गर्नका लागि शैक्षिक व्यवस्थापन सम्बन्धी ज्ञान भएका व्यक्तित्वहरुको आवश्यकता पर्दछ । स्थानीय स्तरबाट नै सञ्चालन गरिने भएको हुँदा यस्ता विद्यालयहरुमा विद्यालय व्यवस्थापनसँग सम्बन्धित ज्ञान भएका व्यक्तिहरुको अभाव रहेको हुन्छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयको तथ्याङ्क अनुसार सन् १९९५ मा ६९ प्रतिसत रहेको कुल भर्नादर सन् २००४ मा आइपुग्दा ८४ प्रतिशत पुगेको भए तापनि भर्ना भएका बालबालिकाहरुको ७२ प्रतिसत मात्र नियमित कक्षामा उपस्थिति हुने गरेको पाइन्छ (शिक्षा बिभाग, २०६२/२०६३) । भर्ना भएका बालबालिकाहरुको विद्यालय छाड्ने दर उच्च देखिन्छ । विद्यालय छाड्ने विद्यार्थी मध्ये करिब २५ प्रतिशत विद्यार्थी मात्र विद्यालय पुन प्रवेश भएको बर्तमान अवस्थामा पुनः प्रवेश दर बढाउन गरिएका प्रयासहरुको प्रतिफल त्यति सन्तोषजनक छैन । अभिभावकहरुको परम्परागत सोचाइ, आर्थिक विपन्नता, भाषागत कठिनाइ, पछौटेपन आदिले गर्दा विद्यालय पुन प्रवेशमा खासै सुधार हुन सकेको छैन (नेपाल, २०६६)। विद्यालय बाहिर रहेका र शिक्षा प्रणाली छोडेका बालबालिकालाई शिक्षाको मूलधारमा समाहित गर्न सकेमा मात्र सबैका लागि शिक्षाका लक्ष्य पुरा हुनसक्छ । विद्यालय छाडेका बालबालिकाहरुलाई विद्यालय पुन प्रवेश गराउन सफल विद्यालय व्यवस्थापन, विद्यार्थी भर्ना अभियान, छात्रवृत्ति बितरण, निशुल्क पाठ्यपुस्तक बितरण, निरन्तर मुल्याङ्कन प्रणाली, शिक्षक पुनर्ताजगि तालिम आदि सञ्चालित छन् (शिक्षा विभाग,२०६२/२०६३) ।

देशभर एकै प्रकारको शिक्षा पद्दति सञ्चालन गर्ने नेपाल सरकारको शिक्षा नीति भए तापनि सरकारले भिन्न भिन्न प्रकारले विद्यालय सञ्चालन गर्न जिम्मा दिएको पाइन्छ। जस्तैः सरकारी (सामुदायिक विद्यालय), निजी (संस्थागत विद्यालय)। यी विद्यालयहरुमा विद्यालय सञ्चालन र व्यवस्थापन, शिक्षाको माध्यम, परीक्षा सञ्चालन, शिक्षक विद्यार्थीलाई दिइने सुविधा, निरीक्षण, अनुगमन जस्ता मुख्य पक्षहरुमा भिन्नता रहेको पाइन्छ। त्यसकारण विद्यालयहरु भिन्न प्रक्रियाले सञ्चालन गरिँदै आएको यस परिस्थितिमा सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन

गरिएका विद्यालयको व्यवस्थापकीय अवस्थाको अध्ययन गर्न प्रस्तुत शीर्षकलाई छनौट गरिएको छ ।

सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयहरुलाई जि.शि.का. बाट नियमित अनुदानको कुनै व्यवस्था नभएको र नाफा वितरण नगरिने गरी विद्यालय सञ्चालन गरिने भएकोले विद्यालयमा लगानी गर्ने लगानीकर्ताको समेत अभाव रहने हुदा विद्यालयका भौतिक संरचनाहरुको व्यवस्थापन गर्न कठिनाई हुने जि.शि.का. तथा स्रोतकेन्द्रबाट निरीक्षण, अनुगमन समेत नगरिएको हुँदा विद्यालयको शैक्षिक व्यवस्थापनमा पनि समस्या रहने भएको हुँदा, हालसम्म यस्ता विद्यालयको व्यवस्थापकीय अवस्थाको लेखाजोखा गर्ने कार्य कोही कसैबाट नभएको हुँदा यस शीर्षकको छनोट गरी अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालय व्यवस्थापन सम्बन्धमा अन्य प्रकारका विद्यालयहरुको शोध अनुसन्धान गरिएको भए तापनि सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयको व्यवस्थापन सम्बन्धमा हालसम्म कुनै अध्ययन अनुसन्धान नभएको हुँदा प्रस्तुत सोध शीर्षकको छनोट गरिएको छ। यस अध्ययनले सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयको व्यवस्थापकीय स्थितिको लेखाजोखा गर्ने, विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरुको खोजी गर्ने र विद्यालयको शैक्षिक व्यवस्थापकीय प्रभावकारीता वृद्धि गर्ने उपायहरुको खोजी गरिने हुँदा खासगरी यस अध्ययनले सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयहरुलाई महत्वपूर्ण योगदान दिनेछ। यस शोध अनुसन्धानले संस्थागत तथा सामुदायिक जुनसुकै विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षकहरु, शिक्षाप्रेमी, अभिभावक, विद्यार्थी तथा विद्यालयसंग सम्बन्धित सम्पूर्ण व्यक्तिहरुलाई विद्यालयको भौतिक पक्ष तथा शैक्षिक पक्षको प्रभावकारी व्यवस्थापन गर्नमा सहयोग गर्नेछ ।

यस शोध अनुसन्धानले सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयका सरोकारवालाहरुलाई विद्यालय व्यवस्थापन गर्नमा सहयोग पुऱ्याउनेछ भने स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयलाई विद्यालय व्यवस्थापनको सुपरिवेक्षण गर्नमा, शैक्षिक नीति निर्माताहरुलाई शैक्षिक नीति नियम तथा कार्यक्रम निर्माण गर्नका लागि समेत सहयोग पुऱ्याउनेछ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका निम्न उद्देश्यहरु रहनेछन्:

क) विद्यालयको भौतिक पक्षको व्यवस्थापकीय  अवस्थाको लेखाजोखा गर्नु ।

ख) विद्यालयको शैक्षिक पक्षको व्यवस्थापकीय अवस्थाको लेखाजोखा गर्नु ।

ग) विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनमा देखिएका समस्याहरु पत्ता लगाउनु ।

घ) विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनमा प्रभावकारिता वृद्धि गर्ने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यो शोध अनुसन्धान पुरा गर्न निम्न अनुसन्धानात्मक प्रश्नहरु राखिएका छन् ।

क) विद्यालयको भौतिक पक्षको अवस्था कस्तो छ ?

ख) विद्यालयमा शैक्षिक पक्षको कसरी व्यवस्थापन गरिएको छ ?

ग) विद्यालयको भौतिक पक्षमा के कस्ता समस्याहरु रहेका छन् ?

घ) विद्यालयको शैक्षिक पक्षमा के कस्ता समस्याहरु देखिएका छन् ?

ङ) विद्यालयमा देखिएका भौतिक तथा शैक्षिक पक्षका समस्यालाई कसरी हल गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन अनुसन्धानकर्ताको  सीमित समय, स्रोत र साधनका कारणले मोरङ जिल्लालाई मुख्य अध्ययन क्षेत्रको रुपमा लिइएको छ। यस मोरङ जिल्लामा सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत ३ वटा विद्यालयहरुलाई नमुनाको रुपमा लिई अध्ययन गरिएकोछ । शोधकर्ताको स्रोत, साधन र समयको कमिको कारणले गर्दा विद्यालयहरुको व्यवस्थापन अन्तर्गत भौतिक र शैक्षिक पक्षको मात्र व्यवस्थापकीय अवस्थाको अध्ययन गरिएकोछ। नमुनामा परेका विद्यालयहरुका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, गुठीयार र शिक्षक अभिभावक संघका अध्यक्षमा मात्र अध्ययन सीमित रहेकोछ ।

## १.७ शब्दावलिको अर्थ र परिभाषा

| | |
|---|---|
| सार्वजनिक शैक्षिक गुठी | : विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक गुठी |
| संस्थागत विद्यालय | : कम्पनी तथा गुठी अन्तर्गत सञ्चालन भएका निजी विद्यालय |
| व्यवस्थापकीय | : व्यवस्थापनसँग सम्बन्धित कार्यहरु |
| शिक्षक | : विद्यालयमा विद्यार्थीलाई सिकाउन तोकिएको व्यक्ति |
| अभिभावक | : विद्यार्थीको बुवा, आमा वा उसलाई घरमा पालन, पोषण तथा संरक्षण गर्ने व्यक्ति |
| विद्यालय व्यवस्थापन समिति | : विद्यालयको व्यवस्थापन गर्न निर्माण गरिएको समिति |
| सिकाइ उपलब्धि | : विद्यार्थीलाई हासिल गराउन पाठ्यक्रममा तोकिएको उद्देश्य |
| शैक्षिक सामग्री | : शिक्षण सिकाइ क्रियाकलापमा सिकाइलाई प्रभावकारी बनाउन प्रयोग गरिने सामग्री |
| चमेनागृह | : विद्यालय कम्पाउण्ड भित्र चिया नास्ताको व्यवस्थापन गरिएको खाजाघर |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

हरेक अनुसन्धान कार्यमा अनुसन्धानको विषयवस्तु र अनुसन्धान समस्याको निर्माण गर्ने कार्यमा नै सम्बन्धित साहित्यहरुको पुनरावलोकन गर्नुपर्दछ । अनुसन्धानकर्ताले छनोट गरेको विषयवस्तुको क्षेत्र र समस्यामा रहेर पहिले कसैले अध्ययन गरे वा नगरेको निक्यौंल गर्न पनि सम्बन्धित साहित्यको पुनरावलोकनको आवश्यक हुन्छ। यसबाट अनुसन्धानकर्ताले सम्बन्धित विषय क्षेत्रमा भएका अध्ययन र तिनका निष्कर्ष एवं निचोड उल्लेख गरेमा थप स्पष्टता पाउन सकिन्छ। त्यसैगरी अनुसन्धान कार्यका लागि कुनै न कुनै सिद्धान्तको आवश्यक पर्दछ। तसर्थ यस शोध अध्ययन कार्यका लागि पूर्व साहित्यहरुको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाकालाई तल प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

प्रस्तुत शीर्षकको शोध अध्ययनका लागि सम्बन्धित केही शोध अध्ययन, प्रतिवेदनहरु, लेख आदिलाई अध्ययन गरी निम्न अनुसार पुनरावलोकन गरिएको छ ।

निरौला (२०६३) का अनुसार सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव विश्लेषण गर्ने मुख्य उद्देश्य राखेर तेह्रथुम जिल्लाका समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा प्रस्तुत शोध अध्ययन गरेको पाइयो । अध्ययनको क्रममा विभिन्न साधनद्वारा तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनबाट समुदायद्वारा विद्यालयको व्यवस्थापन भएपछि विद्यालयका शैक्षिक सूचकाङ्कहरुमा उल्लेख्य प्रगति कायम भएको, विद्यालय र समुदाय बिचको सम्बन्ध बलियो भएको, विद्यालयप्रति समुदायको अपनत्वको भावना बढेको, विद्यालयको भौतिक अवस्थामा सुधार हुन सकेको, पिछडिएका जाति, जनजाति, दलित, पीडित वर्गका छात्रछात्राहरु लाभान्वित हुन सकेका जस्ता सकारात्मक प्रभावहरु देखिएका छन् । त्यसैगरी नकारात्मक प्रभावहरुमा समुदायको पूर्ण व्यवस्थापकीय कार्यकुशलता नभएको, विद्यालय व्यवस्थापन समिति सर्वेसर्वा हुन खोजेको, विद्यालयमा राजनीतिक चलखेल बढेको, शिक्षकका पेशागत सुरक्षाप्रति शङ्का उत्पन्न भएको, सरकार आफ्नो दायित्वबाट पन्छिन खोजेको सम्बन्धित पक्षले महसुस गरेको जस्ता प्रभावहरु देखिएका छन् । विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिई सकेपछि अभिभावकको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रमहरु, विद्यालय व्यवस्थापन समिति तथा प्र.अ. का लागि तालिमहरु, स्थानिय स्रोत र सामग्रीहरु परिचालनका लागि सीपमूलक तालिमहरु, लगानी वृद्धि गरिनुपर्ने, उच्च स्तरीय अनुगमन गर्नुपर्ने जस्ता सुझावहरु दिइएको छ ( निरौला,२०६३ ) ।

गड्तौला (२०६३) का अनुसार धनकुटा जिल्लाको समुदायलाई हस्तान्तरित विद्यालयहरुको व्यवस्थापनको प्रभावकारिता र शैक्षिक उपलब्धि शीर्षक राखी प्रस्तुत शोध अध्ययन गरेको पाइयो । अध्ययनको लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ. तथा शिक्षकहरुलाई जनसंख्याको रुपमा प्रयोग गरिएको छ। विद्यालयहरुले समुदायमा हस्तान्तरित भै सकेपछि पनि विद्यालयहरुको व्यवस्थापनमा खासै सुधार हुन नसकेको, योजना तथा नियमहरुको निर्माण गरे तापनि कार्यान्वयन पक्ष फितलो रहेको, विद्यालयको हितमा सरकारी वा गैह्र सरकारी संस्थासँग सम्झौता गर्ने सम्बन्धमा भूमिका न्यून रहेको, विद्यालयको कार्ययोजना निर्माण गर्न प्र.अ.को मात्र भूमिका देखिएको र विद्यालयहरु हस्तान्तरण भै सकेपछि पनि शैक्षिक उपलब्धिमा कुनै प्रगति नभएको जस्ता तथ्यहरु यस शोध अध्ययनबाट निष्कर्षमा पुग्न सकेको पाइयो । शिक्षक नियुक्ति गर्नुपर्दा स्वस्थ प्रतिस्पर्धाबाट गरिनुपर्ने, सरोकारवालाहरुलाई क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गरिनुपर्ने, योजना निर्माण गर्दा सरोकारवालाहरुको सहभागितामा गरिनुपर्ने, विद्यालयका आर्थिक तथा शैक्षिक गतिविधिहरु पारदर्शी बनाउनु पर्ने जस्ता सुझावहरु दिइएको छ (गड्तौला, २०६३) ।

बुढाथोकी (२०६४) का अनुसार काठमाण्डौ जिल्लाको महानगरपालिका तथा ग्रामिण क्षेत्रका सामुदायिक प्राथमिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका र त्यसको प्रभावकारिता शीर्षकमा गरिएको शोध अध्ययनमा काठमाण्डौ महानगरपालिका क्षेत्र भित्रका ६ वटा सामुदायिक प्राथमिक विद्यालय र ग्रामिण क्षेत्रका २० वटा सामुदायिक प्राथमिक विद्यालय गरी जम्मा २६ वटा विद्यालयहरुमा अध्ययन गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र शिक्षकहरु बीचमा गरिएको उक्त शोध अध्ययनबाट विद्यालय शिक्षालाई व्यवस्थित गर्ने प्रमुख भूमिका प्रधानाध्यापकको मात्रै भएको, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन पूर्ण रुपमा हुन नसकेको, विद्यालयको निजी भवनको व्यवस्था पूर्ण रुपमा हुन नसकेको, बाल पुस्तकालय तथा वाचनालयहरुको व्यवस्था नभएको जस्ता कुराहरु पाइएको छ । त्यसैगरी विद्यालय व्यवस्थापन सम्बन्धि तालिम, पुनर्ताजगी तालिमहरुको व्यवस्था हुनुपर्ने, विद्यालयको लागि आवश्यक न्युनतम पूर्वाधारको व्यवस्था गर्नुपर्ने, प्राथमिक शिक्षामा लगानी बढाउनु पर्ने, विद्यालयको अनुगमनलाई प्रभावकारी बनाउन अभिभावकहरुलाई विभिन्न तालिमहरुको व्यवस्था गर्नुपर्ने जस्ता सुझावहरु दिइएको छ ,( बुढाथोकी, २०६४) ।

खनाल (२०६५) ले समुदायमा हस्तान्तरण भएका र नभएका सामुदायिक प्राथमिक विद्यालयहरुको आन्तरिक दक्षता र व्यवस्थापकीय पक्षको तुलना शीर्षक राखी गरिएको शोध अध्ययनमा मोरङ जिल्लाका ४ वटा विद्यालयहरुमा अध्ययन गरेको पाइयो । यो शोध अध्ययनका लागि फ्रेडरिक विन्स्लो टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र जर्ज इल्टन मायो र मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्तलाई अवलम्बन गरी दुवै खाले विद्यालयका कार्यशैली र

व्यवहारलाई नियालेको पाइयो । प्रस्तुत अध्ययनबाट हस्तान्तरण नभएका विद्यालय भन्दा हस्तान्तरण भएका विद्यालयको आन्तरिक दक्षता र व्यवस्थापकीय पक्ष सबल रहेको देखिएको छ। यसको कारणको रुपमा परीक्षा प्रणालीमा गरिएको सुधार, विद्यालय व्यवस्थापन समितिको सक्रिय भूमिका, अभिभावकको विद्यालयप्रति चासो बढ्नु, शिक्षक र विद्यार्थीको नियमितता जस्ता कारणहरु मुख्य रुपमा देखिएका छन्। कक्षाकार्य, गृहकार्य र आन्तरिक मूल्याङ्कन पद्धतिमा विद्यार्थीलाई संलग्न गराउने वातावरण निर्माण गर्नसक्दा आन्तरिक दक्षतामा वृद्धि हुने र विद्यालय व्यवस्थापन समिति लगायत विद्यालयका अन्य पक्षहरुमा समानुपातिक रुपले समावेशीकरण गर्दा विद्यालय हाम्रो सामाजिक सम्पत्ति हो भन्ने धारणाको विकास हुने र यसले व्यवस्थापकीय पक्षमा समेत सुधार गर्न सकिने जस्ता निष्कर्ष निकालिएका छन् । विद्यालयहरुलाई समुदायद्वारा सञ्चालित हुन प्रेरित गर्ने, शिक्षाका कार्यक्रमहरु ल्याउदा तल्लो निकायबाट पनि सल्लाह र सुझावहरु बटुल्ने, थप प्रोत्साहन अनुदान उपलब्ध गराउँदै जाने, विद्यालय व्यवस्थापन समितिलाई अभिमुखीकरण कार्यक्रम र तालिम सञ्चालन गर्ने, विद्यालयसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरु सरोकारवालाको प्रत्यक्ष सहभागितामा सञ्चालन गर्नुपर्ने यस शोधको सिफारिस रहेको छ (खनाल ,२०६५) ।

भण्डारी (२०६१) को नेपालमा प्राथमिक शिक्षा नामक लेख यस अध्ययनसँग सान्दर्भिक रहेको छ । यसमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना विद्यालयमा समुदायको सहभागिता वृद्धि गरी व्यवस्थापन पक्षलाई सुदृढ बनाउने, छात्राको भर्नादर वृद्धि गर्ने एवं दलित र पिछडिएका वर्गका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने उद्देश्य अनुरुप गरिएको भए पनि कार्यक्रमको अन्त्य सम्म आइपुग्दा शिक्षामा छात्रा एवं दलित र पिछडिएका वर्गका बालबालिकाको सहभागिता वृद्धि भए पनि समुदायमा विद्यालय हाम्रो हो भन्ने भावना विकसित हुन नसकेको कुरा देखाएका छन्। नेपालको प्राथमिक शिक्षामा गुणस्तर वृद्धि गर्न, समुदायको सहभागिता वृद्धि गर्न र भौतिक व्यवस्थापन सुधार गर्न विभिन्न परियोजना र कार्यक्रमहरु सञ्चालन गरिए तापनि विद्यालयको भौतिक व्यवस्थापनमा समुदाय खासै सक्रिय रहन सकेन । समुदायले विद्यालयलाई व्यवस्थित बनाउनका लागि जवसम्म सहयोग गर्न सक्दैन तबसम्म भौतिक सुधार तथा व्यवस्थापन पक्षमा सुधार आउन सक्दैन भन्ने निचोड विभिन्न परियोजना र कार्यक्रमको मूल्याङ्कन मार्फत पत्ता लागिसकेको हुँदा विद्यालयको व्यवस्थापन पक्ष समुदायलाई हस्तान्तरण गर्दै गएमा विद्यालयको व्यवस्थापनमा सुधार आउन सक्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् (भण्डारी (२०६१) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

प्रस्तुत शोध अध्ययन हेनरी फेयोल ( १८४१ – १९२५ ) को व्यवस्थापनको प्रसासनिक सिद्धान्त ( Administrative Management Theory ), फ्रेडरिक विन्स्लो टेलर ( १८५६ – १९१७ ) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्त ( Scientific Management Theory ) र प्रो जर्ज इल्टन मायो ( १८८० – १९४९ ) को मानव सम्बन्ध सिद्धान्त ( Human Relation Theory ) द्वारा निर्देशित छ ।

हेनरी फेयोल (१९१६) का अनुसार कुनै पनि सङ्गठनको उद्देश्य पुरा गर्नको लागि त्यस सङ्गठनमा उपयुक्त ढंगले प्रशासनिक व्यवस्थापन गरिनु आवश्यक हुन्छ भनेका छन् । फेयोलले व्यवस्थापन सञ्चालनका लागि उल्लेख गरेका ६ वटा अन्तर सम्बन्धित क्रियाकलापहरुमा उत्पादन तथा निर्माणसँग सम्बन्धी प्राविधिक क्रियाकलाप , आवश्यक सामग्री खरिद तथा बिक्रीसँग सम्बन्धी वाणिज्यका क्रियाकलापहरु, पूंजी प्राप्त गर्ने र प्रयोग गर्ने वित्तीय क्रियाकलापहरु र सम्पत्ति र कर्मचारीहरुको सुरक्षा गर्नु, सुरक्षात्मक क्रियाकलाप, हिसाबकिताब राख्ने लेखा सम्बन्धी क्रियाकलाप र योजना, संगठन, नेतृत्व, नियन्त्रण गर्न व्यवस्थापकीय क्रियाकलापहरु हुन् ।

व्यवस्थापनको प्रसासनिक सिद्धान्त अनुसार जुनसुकै संगठनलाई पनि सफल बनाउनका लागि ब्यवस्थापनका आवश्यक प्रक्रियाहरु अवलम्बन गर्नुपर्दछ । जसअनुसार प्रत्येक कामदारले गर्ने कार्य स्पष्ट रुपमा विभाजन गर्नुपर्दछ । कामको विशिष्टिकरणले कार्यदक्षता र क्षमता बढाउछ । संगठनमा काम गर्न कर्मचारीको पद, स्तर र क्षमता अनुसार अधिकार र उत्तरदायित्व प्रदान गर्नुपर्दछ । अनुशासनले कामदारलाई कार्य सञ्चालनमा दिशाबोध गर्दछ र नियमितता प्रदान गर्दछ । संघ संस्थामा काम गर्नेहरुलाई एउटै सिमित वा निश्चित ब्यक्तिले आदेश दिनु राम्रो हुन्छ जसबाट आदेशमा एकरुपता, निर्देशनमा समानता र कामदारको क्रियाकलापमा समन्वयात्मकता ल्याउन सघाउ पु¥याउछ । संस्थामा व्यक्तिगत स्वार्थ तथा हितको सट्टा सामुहिक हितलाई महत्व दिनुपर्दछ । व्यक्तिगत स्वार्थ तथा हितलाई समेत स्वीकार गरी सामुहिक हितलाई समन्वय गरी अगाडि बढ्नुपर्दछ । संस्थामा कार्यरत कर्मचारीलाई सन्तुष्ट हुनेगरी सेवा, सर्त, सुबिधा तथा पारिश्रमिक को ब्यवथा गर्नुपर्दछ । प्रत्येक संघसंस्थालाई केन्द्रीय निर्देशनका आधारमा क्रियाशील बनाइनुपर्दछ । सही व्यक्तिलाई सही ठाउमा राख्ने व्यवस्था हुनुपर्दछ । प्रत्येक वस्तु राख्ने निश्चित र छुट्टै स्थानको व्यवस्था हुनुपर्दछ । संगठनका प्रत्येक कामदारमा न्यायको भावना र निष्पक्षताको आभाष दिन सक्नुपर्दछ । कामदारलाई पेशाप्रति आकर्षित गराउने, उत्प्रेरणा प्रदान गर्ने, काममा दक्षता बढाउने, जागिरमा स्थायित्व ल्याउने कार्य गर्नुपर्दछ । कामदारलाई प्रशासक वा व्यवस्थापकले कामप्रति सधै लगनशील बनाउन प्रोत्साहित गर्नुपर्दछ । संस्थामा काम गर्ने सबैमा संस्थाको उद्धेश्य प्राप्तिमा सामुहिक र सहयोगी

भावना जगाउनु पर्दछ ( कोइराला र श्रेष्ठ, २०६३ः ६,७ बाट उद्धृत) ।

फ्रेडरिक विन्स्लो टेलर (१९११) का अनुसार कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढंगले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढंगले जान्ने कलालाई वैज्ञानिक व्यवस्थापन भनिन्छ । उत्पादकत्व बढाउने कार्य दक्ष कामदारहरुबाट मात्र सम्भब भएकोले तोकिएको कार्यका लागि सक्षम कामदारको छनौट गर्ने र उसको कार्यदक्षतामा वृद्धि गरेर उत्पादनमा वृद्धि गर्ने उद्देश्यले टेलरले यो सिद्धान्तको शुरुवात गरेको पाइन्छ ।

टेलर (१९११) को यो सिद्धान्त अनुसार कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्दछ । वैज्ञानिक ढंगले कामदारको छनौट गरी छानिएका कामदारलाई तालिमको व्यवस्था गरिनुपर्छ । वैज्ञानिक ढंगबाट काम हुनेगरी व्यवस्थापक र कामदारबिच आत्मीय सम्बन्ध, सहयोग र सामञ्जस्यता स्थापित गर्नुपर्दछ । वैज्ञानिक ढंगले ज्याला निर्धारण गर्नुपर्दछ जसले गर्दा उत्पादन कार्यमा अधिकतम उपलब्धि हासिल हुन सकोस् । व्यवस्थापक र कामदारवीच स्पष्ट कार्य विभाजन गर्नुपर्दछ (कोइराला र श्रेष्ठ : २०६३ : ३,४ बाट उद्धृत) । यसरी टेलरको सिद्धान्तमा व्यवस्थापकले आफ्नो स्थिति, कार्य विश्लेषण, कार्य तथा कामदार उपयुक्त हुनुपर्ने, व्यवस्थापकले कार्यको जिम्मेवारी लिनुपर्ने जस्ता कुरामा जोड दिएको पाइन्छ । यस विधिले कार्यसम्पादनमा द्रुतता बढाउने, दक्षता बढाउने, सहयोग र उत्प्रेरणा प्रदान गर्दछ ।

प्रो. जर्ज इल्टन मायो (१९३२) ले कुनै पनि संगठनमा कार्य गर्नेहरुका बिच राम्रो मानव सम्बन्ध भएमा काम सम्पादन राम्रो, चाँडो र स्तरीय हुन्छ भनेका छन् । यसका विपरीत मानव सम्बन्ध भएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने सम्भावना रहन्छ । यस सिद्धान्तले मानव सम्बन्धलाई व्यवस्थापक र कामदारको अन्तरक्रियामा निर्भर हुने कुरा उल्लेख गरेको पाइन्छ । व्यक्ति पनि व्यवस्थापनको एक अङ्ग हो । समूह सञ्चालन, नेतृत्व, उत्प्रेरणा, सहभागिता, सञ्चार, व्यक्तित्व जस्ता मानवीय व्यवहारले व्यवस्थापकलाई सही दिशाबोध गर्दछ ।

इल्टन मायो (१९३२) को यस सिद्धान्त अनुसार कर्मचारीको कमी कमजोरी पत्ता लगाई समन्वय र प्रेरणा प्रदान गर्नुपर्दछ । योग्यता अनुसार नेतृत्व विकास गराउनु पर्दछ । सांगठनिक क्रियाकलापमा सबैलाई सहभागी गराउनु पर्दछ । कर्मचारीको दक्षता बढाउन आवश्यक पहल गर्नु पर्दछ । दोहोरो र वास्तविक सञ्चार प्रणाली स्थापना गर्नुपर्दछ । मानिसलाई दया, माया, ममता, स्नेह, सम्मान र सत्कार आवश्यक हुन्छ । कार्यदक्षता बढाउन सामाजिक दक्षता बढाउनु पर्दछ । समुहकार्य कार्यदक्षताको आधारमा गर्नुपर्दछ । औपचारिक तथा अनौपचारिक सबैखाले संगठनलाई महत्व दिनुपर्दछ (कोइराला र श्रेष्ठ, २०६३ : १२ बाट उद्धृत) ।

## २.३ अध्ययनको शैक्षिक उपादेयता

प्रश्तुत शीर्षकको शोध अध्ययनका क्रममा अध्ययनका लागि प्रयोग गरिएको सैद्धान्तिक खाकाको रुपमा हेनरी फेयोलको व्यवस्थापनको प्रशासनिक सिद्धान्त , फ्रेडरिक वीन्स्लो टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र प्रो. जर्ज इल्टन मायोको मानव सम्बन्ध सिद्धान्त तथा पूर्व साहित्यहरुको पुनरावलोकनबाट विद्यालयलाई प्रभावकारी ढंगले सञ्चालन गर्न विद्यालय व्यवस्थापनको प्रभाव सकारात्मक हुने कुरा निर्देशित हुनेछ भन्ने विश्वास गरिएको छ । विद्यालयको प्रभावकारी व्यवस्थापन, सञ्चालन तथा शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि फेयोलको व्यवस्थापनको प्रशासनिक सिद्धान्त र टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तमा आधारित रहन्छ भने जर्ज इल्टन मायोको मानव सम्बन्ध सिद्धान्त अनुसार विद्यालयमा कार्यरत शिक्षक तथा विद्यार्थीहरुलाई सन्तुष्ट राख्न सहयोग पुग्नेछ । यस अध्ययनका लागि छनौट गरिएका सिद्धान्तहरु र पुनरावलोकन गरिएका शोध अनुसन्धानहरुले यस शोध कार्यलाई निश्कर्षमा पुऱ्याउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

हालसम्मका अनुसन्धानहरुमा संस्थागत र सामुदायिक विद्यालय व्यवस्थापनको तुलना, विद्यालयको भौतिक व्यवस्थापन, समाहित शिक्षामा व्यवस्थापनको भूमिका, विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव, समुदायमा हस्तान्तरित विद्यालयको व्यवस्थापनको प्रभावकारिता, समुदायमा हस्तान्तरण भएका र नभएका सामुदायिक प्राथमिक विद्यालयहरुको आन्तरिक दक्षता र व्यवस्थापकीय पक्षको तुलना आदि शीर्षकमा शोध अनुसन्धानहरु भए तापनि सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुको व्यवस्थापकीय अवस्था सम्बन्धमा आजसम्म कुनै अनुसन्धान नगरिएकोले प्रस्तुत शीर्षकको शोध अनुसन्धानले शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान गर्नेछ ।

# परिच्छेद- तीन : अध्ययन विधि

शोध अनुसन्धान कार्यलाई पुरा गर्नका लागि अध्ययन विधिको निर्क्यौल गर्नुपर्छ। प्रस्तुत अध्ययनको उद्देश्य पुरा गर्नका लागि अनुसन्धानात्मक ढाँचा, तथ्याङ्क सङ्कलन प्रक्रिया, अनुसन्धानका साधनहरु, तथ्याङ्कका श्रोतहरु र तथ्याङ्कको प्रस्तुति, व्याख्या तथा विश्लेषण जस्ता शीर्षक तथा उपशीर्षकमा आधारित रहेर अध्ययन विधिको निश्चितता गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शीर्षकको शोध अध्ययन परिमाणात्मक र गुणात्मक दुवै किसिमका तथ्याङ्कहरुमा आधारित रहेको छ । यसरी दुवै किसिमका तथ्याङ्कका आधारमा अध्ययन गरिएको हुँदा यो अध्ययनमा मिश्रित ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययन अनुसन्धानलाई पुरा गर्नका लागि तथ्याङ्क सङ्कलन गर्नु पर्ने हुन्छ। यो अध्ययन कार्य पुरा गर्नका लागि कुन क्षेत्रमा को को व्यक्तिबाट तथ्याङ्क सङ्कलन गर्ने, ती व्यक्तिहरु कसरी छनोट गर्ने भन्नेबारेमा बुँदागत रुपमा तय गरिएको छ ।

### ३.२.१ जनसंख्या

यो शोध अध्ययनका लागि मोरङ जिल्ला अन्तर्गतका ३ वटा सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरु, व्यवस्थापन समितिका अध्यक्षहरु, गुठीयारहरु, शिक्षकहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु समेतलाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमुनाको आकार

अध्ययन कार्यलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि जनसंख्याभित्र परेका ३ वटा सार्वजनिक शैक्षिक गुठीबाट सञ्चालित संस्थागत विद्यालय र अन्य सरोकारवाला व्यक्तिलाई निम्न तालिका अनुसार छनौट गरी नमुनाको आकार निर्धारण गरिएको छ ।

तालिका- १ : नमुनाको आकार

| सि नं | विद्यालय | प्र.अ. | शि.अ.सं. अध्यक्ष | वि.व्य.स. अध्यक्ष | गुठीयार | शिक्षक |
|---|---|---|---|---|---|---|
| १. | श्री गुरुकुल मा.वि., बिराटनगर | १ | १ | १ | २ | २ |
| २. | श्री भू. पू. सैनिक अङ्ग्रेजी मा. वि., पथरी | १ | १ | १ | २ | २ |
| ३. | श्री भानु मेमोरियल अङ्ग्रेजी मा. वि., बेलबारी | १ | १ | १ | २ | २ |

स्रोत : स्थलगत अध्ययन, २०६७

## ३.२.३ नमुना छनौट विधि

यो अध्ययनका लागि मोरङ जिल्ला अन्तर्गतका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालय उद्देश्यपूर्ण नमुना छनौट विधिबाट छनौट गरिएको छ । छनौट भएका विद्यालयका शिक्षक र गुठीयारको छनौट सम्भावनायुक्त नमुना छनौट विधिबाट गरिएको छ भने प्र.अ., वि.व्य.स. अध्यक्ष र शि.अ. संघ अध्यक्षमा समेत यो शोध अध्ययन भएको छ ।

## ३.२.४ नमुना छनौटको आधार

यस अध्ययन कार्यमा आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न नमूनाको आकारमा परेका व्यक्तिहरुबाट सही तथ्याङ्क सङ्कलन हुने र अध्ययन कार्यलाई सम्पन्न गर्न सहयोग पुग्ने आधारमा उक्त नमुना छनोट गरिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरु

प्रस्तुत अध्ययनका लागि निम्न अनुसारका अनुसन्धानका साधनहरु प्रयोग गरिएको छ ।

### रुजु सूची

रुजु सूचीमा एकैपटकमा धेरै विषयवस्तुहरु समावेश गरी तथ्याङ्क सङ्कलन गर्न सकिने भएको हुँदा यस अध्ययनमा विद्यालयको भौतिक तथा शैक्षिक सुविधा र अन्य सुविधाहरुको जानकारी लिन यो साधनको प्रयोग गरिएको छ (हेर्नुहोस् अनुसूची १) ।

### सर्वेक्षण फारम

यो शोध अध्ययन अनुसन्धानमा शिक्षकहरुको तथ्याङ्क लिन, सिकाइ उपलब्धिको तथ्याङ्क लिन, शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन सम्बन्धी तथ्याङ्क लिनका लागि यस साधनको प्रयोग गरिएको छ (हेर्नुहोस् अनुसूची २, ३, ४, ५ र ६) ।

### अन्तरवार्ता

यस शोध अध्ययनमा विद्यालयको व्यवस्थापकीय अवस्थाको लेखाजोखा गर्न, व्यवस्थापनका समस्याहरु पहिल्याउन तथा प्रभावकारीता वृद्धि गर्ने उपायहरु खोजी गर्न प्र.अ., गुठीयार, वि.व्य.स. अध्यक्ष, शिक्षक र शि.अ. संघका अध्यक्षका लागि प्रश्नावलीहरु प्रयोग गरिएको छ (हर्नुहोस् अनुसूची ७, ८, ९, १० र ११) ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

यो शोध अध्ययनलाई निष्कर्षमा पुर्‍याउन प्राथमिक र द्वितीय दुवै स्रोतलाई प्रयोग गरिनेछ ।

**क) प्राथमिक स्रोत :** रुजु सूची, अन्तरवार्ता प्रश्नावली र सर्वेक्षण फारामबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।

**ख) द्वितीय स्रोत :** तथ्याङ्क सङ्कलनका क्रममा द्वितीय स्रोतका रुपमा विद्यालय अभिलेखहरु, जिन्सी खाता आदिलाई प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या

शोध अध्ययन कार्यमा प्राप्त भएका तथ्य तथ्याङ्कहरुको प्रस्तुति, व्याख्या तथा विश्लेषण गर्नु महत्वपूर्ण कार्य मानिन्छ । अध्ययनलाई निष्कर्षमा पुर्‍याउन सङ्कलन गरिएका कोरा तथ्याङ्कहरुलाई प्रशोधन गरी तालिका, चित्र, औषत, अनुपात जस्ता माध्यमबाट प्रस्तुति, व्याख्या तथा विश्लेषण गर्नु पर्दछ । प्रस्तुत शीर्षकको शोध अध्ययनलाई निष्कर्षमा पुर्‍याउन रुजुसूची, अन्तरवार्ता तथा सर्वेक्षण फारमबाट प्राथमिक र द्वितीय दुवै स्रोतबाट सङ्कलन गरिएका कोरा तथ्याङ्कलाई औषत, अनुपात, तालिका, वृत्तचित्र र स्तम्भचित्रहरुको माध्यमबाट व्याख्या तथा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्को विश्लेशण र प्रस्तुतिकरण

मोरङ जिल्लाको सार्वजनिक शैक्षिक गुठीबाट सञ्चालित संस्थागत विद्यालयहरुको भौतिक तथा शैक्षिक पक्षको व्यवस्थापकीय अवस्थालाई देहायका शीर्षकमा आधारित रही व्याख्या, विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालयको भौतिक अवस्था

विद्यालयहरुमा सिकाइ वातावरण अनुकूल हुनको लागि भौतिक पक्षको महत्वपुर्ण भूमिका रहेको हुन्छ । शान्त वातावरणमा उपयुक्त किसिमका आकर्षक भवन, विद्यार्थी संख्याको आधारमा उपयुक्त आकारका हावादार कक्षाकोठा, विद्यार्थीको उमेर तथा उचाइका आधारमा उपयुक्त आकारका फर्निचरहरु, उपयुक्त स्थानमा कालोपाटीको व्यवस्था गर्नुपर्दछ । विद्यार्थीहरुको लागि खेल्ने चउर, शुद्ध खानेपानी, वालमैत्री शौचालयको व्यवस्था, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर तथा स्वास्थ्य अनुकूल हुने खाजाको लागि क्यान्टिनको व्यवस्था आदि भौतिक पक्षहरुमा आधारित भई विश्लेषण गरिएको छ ।

### ४.१.१ भवन तथा कक्षाकोठाको अवस्था

विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुले शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न बाहिरी वातावरण हावा-हुरी तथा घामपानीबाट संरक्षण गर्नका लागि उपयुक्त खालका भवन तथा कक्षाकोठाहरुको आवश्यकता पर्दछ (गौतम, २०६७) । विद्यालय भवन मजबुत हुनु पर्दछ । हावाहुरी, आधीबेहेरीबाट विद्यार्थीहरुलाई संरक्षण गर्नका लागि दर्बिलो भवन तथा कक्षाकोठाको आवश्यकता पर्दछ । त्यसैले अध्ययन क्षेत्रभित्र छनोटमा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका संस्थागत विद्यालयहरुको अवलोकनबाट प्राप्त तथ्याङ्क अनुसार भवन तथा कक्षाकोठाको अवस्थालाई निम्न तालिकामा देखाइएको छ ।

तालिका २ : भवन तथा कक्षाकोठाको अवस्था

| क. सं. | विद्यालयको नाम | भवन | | | | कक्षाकोठा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | अर्ध पक्की | कच्ची | जम्मा | पक्की | अर्ध पक्की | कच्ची | जम्मा |
| १ | गुरुकुल मा. वि., बिराटनगर | ४ | छैन | छैन | ४ | १४ | छैन | छैन | १४ |
| २ | भानु मेमोरियल अङ्ग्रेजी मा.वि.,बेलबारी | १ | १ | छैन | २ | १६ | ३ | छैन | १९ |
| ३ | भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.,पथरी | १ | छैन | छैन | १ | १८ | छैन | छैन | १८ |
| जम्मा | | ६ | १ | छैन | ७ | ४८ | ३ | छैन | ५१ |

स्रोत : स्थलगत अवलोकन,२०६७

माथि उल्लेखित तालिकाको आधारमा  अध्ययन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको भवन तथा कक्षाकोठाको विश्लेषण गर्दा जम्मा ७ वटा भवनमध्ये ६ वटा पक्की र १ वटा अर्धपक्की पाइयो । यसरी ७ वटा भवनमा रहेका जम्मा ५१ वटा कक्षाकोठामध्ये पक्की भवनका कोठाहरु ४८ वटा र अर्धपक्की भवनमा रहेका ३ कोठा पाइयो ।

विद्यालय भवन आकर्षक, स्वस्थकर तथा शैक्षिक दृष्टिकोणबाट उपयुक्त र पर्याप्त हुनुपर्दछ। विद्यालय भवन सकेसम्म पूर्व-दक्षिण मोहडाको हुनु राम्रो  मानिन्छ। विद्यालयको क्षेत्र भित्र प्रवेश गरिसकेपछि पूर्ण सुरक्षित र स्वस्थ वातावरणको महसुस विद्यार्थीहरुले गर्न सक्नु पर्दछ (शर्मा र शर्मा :२०६७) । विद्यालयमा नियमित रुपमा शिक्षक, कर्मचारी, र विद्यार्थीहरुको बसोबास हुने गर्दछ। विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप गरिने हुँदा उचित बसोबासको व्यवस्थापनको लागि उपयुक्त भवन तथा कक्षाकोठाको आवश्यकता पर्दछ। कुनै पनि विद्यालय त्यति बेला व्यवस्थित हुन्छ ,जो त्यसका लागि चाहिने सुरक्षित भवन तथा कक्षाकोठा दर्बिलो र मजबुत भएको हुन्छ । भवन तथा कक्षाकोठाको संरचनाको कारणले समेत सिकाइ क्रियाकलापमा प्रभाव पार्ने हुँदा अध्ययन गरिएका विद्यालयहरुको आर्थिक अवस्थाका बावजुद भवन तथा कक्षाकोठाहरुको अवस्था मजबुत रहेको छ भने केहि कक्षाकोठाको आकार सानो रहेको पाइयो। टिनको छाना भएका अर्धपक्की भवनका कक्षाकोठामा गर्मीको समयमा जस्ताको छाना तात्ने र बर्षामा पानीको आवाजले समेत सिकाइमा प्रभाव पार्दछ जुन नमुनामा परेका

विद्यालयमा देखिंदैन। यसले पनि सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयको भौतिक पक्ष राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ।

## ४.१.२ फर्निचर व्यवस्थापनको अवस्था

प्रत्येक विद्यालयहरुले विद्यार्थीहरु सहजरुपमा बस्नको लागि डेस्कबेन्चको व्यवस्था गरेको हुन्छ । विद्यार्थीहरुको संख्या अनुसार डेस्कबेन्चको संख्या निर्धारण गरिएको हुन्छ । बसाइको अवस्थाले सिकाइ अवस्थालाई प्रभाव पारेको हुन्छ। ठेलमठेल गरेर बसेको विद्यार्थीले भन्दा सहजरुपमा बसेका विद्यार्थीहरुको सिकाइ स्तर उच्च हुने गर्दछ।

अध्ययन गरिएका विद्यालयहरुको विद्यार्थी संख्या र डेस्कबेन्चको संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३ : विद्यालयमा फर्निचरको अवस्था

| क्र. सं. | विद्यालय | विद्यार्थी संख्या | डेस्कबेन्चको संख्या | डेस्कबेन्चको लम्बाई(फिटमा) | विद्यार्थी डेस्कबेन्चको अनुपात |
|---|---|---|---|---|---|
| १ | गुरुकुल मा. वि., बिराटनगर | ४०० | ११० | ६ | ३.६ |
| २ | भानु मेमोरियल अङ्ग्रेजी मा.वि.,बेलबारी | ४४७ | १४५ | ५.५ | ३.२ |
| ३ | भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.,पथरी | ४९५ | १५० | ६ | ३.३ |
| जम्मा | | १३४२ | ४०५ | - | ३.३ |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथि उल्लेखित तालिका अनुसार विद्यालयहरुमा फर्निचरहरुको अवस्थालाई विश्लेषण गर्दा विद्यार्थी संख्याको आधारमा डेस्कबेन्चहरुको निर्माण गरी व्यवस्थापन गरेको पाइयो । गुरुकुल मा.वि.मा ४०० विद्यार्थीहरुको लागि ११० वटा डेस्कबेन्चको व्यवस्था गरेको पाइयो, जुन विद्यार्थी र डेस्कबेन्को अनुपात ३.६ रहेको पाइयो। भानु मेमोरीयल अं.मा.वि.मा ४४७ जना विद्यार्थीहरुको लागि १४५ वटा डेस्कबेन्चको व्यवस्था गरेको पाइयो। यस विद्यालयको विद्यार्थी डेस्कबेन्चको अनुपात ३.२ रहेको पाइयो । त्यसैगरी भू.पू.सैनिक अं.मा.वि.मा ४९५ जना विद्यार्थीहरुको लागि १५० वटा डेस्कबेन्चको व्यवस्था गरेको पाइयो। जुन विद्यार्थी डेस्कबेन्चको

अनुपात ३.३ रहेको पाइयो । गुरुकुल मा.वि. र भू.पू.सैनिक अं.मा.वि.मा ६ फिट र भानु मेमोरियल अं.मा.वि.मा ५.५ फिटका डेस्कबेन्च निर्माण गरेको पाइयो ।

विद्यालयका कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला , छात्राबास, कमनरुम र प्रसासनिक कक्षहरुमा आवश्यक रुपमा राखिदिने डेस्कबेन्चलाई यहा फर्निचर भनिन्छ। विद्यालय भवन भएर मात्र पुग्दैन त्यसमा विद्यार्थीको उमेर अनुसार बस्न सक्ने खालका सजिला डेस्क बेन्चको व्यवस्था गरिनु पर्दछ (शर्मा र शर्मा :२०६७) ।

अध्ययन गरिएका विद्यालयहरुमा विद्यार्थीहरुको उमेरलाई ध्यान दिई बालकक्षामा बस्नको लागि कार्पेट तथा चकटीको व्यवस्था नगरेको पाइयो । बालकक्षामा अध्ययन गर्ने बालबालिकाहरुलाई विद्यालय समय भर डेस्क बेन्चमा राखेमा असहज हुन जान्छ । बालबालिकाहरुलाई आराम गर्न, आवश्यकता अनुसार सुत्न, निदाउन समेत दिनुपर्ने हुन्छ । जसले गर्दा बालकक्षाका विद्यार्थीहरुलाई बस्नको लागि चकटी तथा कार्पेटको व्यवस्था गर्नु उपयुक्त हुन्छ । कक्षा १ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीहरुलाई उमेर अनुसारका फर्निचरहरु आवश्यकता अनुसार व्यवस्था गरेको पाइयो । यसरी अध्ययन गरिएका विद्यालयहरुमा जम्मा १३४२ विद्यार्थीहरुका लागि ४०५ वटा डेस्कबेन्चको व्यवस्था गरेको पाइयो । समग्रमा विद्यार्थी डेस्कबेन्चको अनुपात ३.३ रहेको पाइयो ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयका १देखि १० कक्षा सम्ममा प्रयोग हुने फर्निचरको अवस्थालाई राम्रोसँग व्यवस्था गरिएको निष्कर्षमा पुग्न सकिन्छ ।

### ४.१.३ खानेपानी व्यवस्थापनको अवस्था

विद्यालयमा अध्ययन गर्ने प्रत्येक बालबालिकाको लागि पिउने पानी अनिवार्य आवश्यक हुने हुँदा प्रत्येक विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था गरिएको हुनुपर्दछ । स्थलगत अध्ययन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयहरुको खानेपानीको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४ : विद्यालयमा खानेपानीको अवस्था

| क्र. सं. | विद्यालय | खानेपानीको श्रोत | | |
|---|---|---|---|---|
| | | पाइपधारा | ट्युबेल | इनार |
| १ | गुरुकुल मा. वि., बिराटनगर | – | ३ | – |
| २ | भानु मेमोरियल अं.मा.वि., बेलवारी | – | २ | – |
| ३ | भू.पू. सैनिक अं.मा.वि., पथरी | – | १ | – |
| जम्मा | | – | ६ | – |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिकालाई विश्लेषण गर्दा सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुमा खानेपानीको व्यवस्थापनका लागि ट्युबेलको व्यवस्था गरेको पाइयो । अध्ययन गरिएका ३ वटा विद्यलयहरुमध्ये गुरुकुल मा.वि.मा ३ वटा ट्युबेल, भानु मेमोरियल अं.मा.वि.मा २ वटा र भू.पू.सैनिक अं.मा.वि.मा १ वटा ट्युबेलको व्यवस्था गरेको पाइयो ।

विद्यालयमा अध्ययन गर्ने विद्यार्थी तथा शिक्षकको लागि खानेपानीको सुविधा प्रदान गर्न स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्दछ । सामान्यतया विद्यालय समय १० बजे देखि ४ बजेसम्म रहने हुँदा ६ घण्टा लामो अवधिसम्म विद्यालयमा रहदा खानेपानी अनिवार्य आवश्यकता पर्दछ । विद्यार्थीको बसाइ स्थानको अवस्था अनुसार ठाउँठाउँमा खानेपानीको व्यवस्था गर्नुपर्दछ । अध्ययन गरिएका विद्यालयमा एक मात्र स्रोत ट्युबेल रहेको पाइयो । खानेपानीको स्रोत ट्युबेलमात्र भए पनि विद्युतको माध्यमबाट पानी तान्ने पम्पको सहायताबाट ट्याङ्कीमा पानी जम्मा गरेको पाइयो । यसरी ट्याङ्कीमा जम्मा गरेको पानी धाराहरुको व्यवस्था गरी वितरण गरेको पाइयो । जसले गर्दा प्रत्येक विद्यार्थीहरुले ट्युबेल चलाइरहनु पर्ने देखिंदैन ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयको खानेपानी व्यवस्थापनको अवस्था राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.१.४ शौचालयको अवस्था

विद्यालयमा अध्ययन गर्ने बालबालिका तथा शिक्षकहरुको लागि शौचालयको व्यवस्था गर्नुपर्दछ । जसले गर्दा बालबालिकाहरुलाई सुविधा हुनुको साथै वाताबरण स्वच्छ राख्नमा समेत मद्दत गर्दछ । विद्यालयमा शौचालय नभई नहुने भौतिक सुविधा हो । विद्यार्थीहरुको समस्यालाई ध्यानमा राखेर छात्र छात्राको लागि छुट्टाछुट्टै प्रयोग गर्न पाउने गरी शौचालयको निर्माण गर्नु

पर्दछ । विद्यार्थीहरुले दिशा पिसाव स्वतन्त्र रुपले गर्न पाउने व्यवस्था गर्नु विद्यालयको कर्तव्य हुन जान्छ ।

स्थलगत अध्ययन गरिए अनुसार सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयहरुको शौचालयको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५ : विद्यालयमा शौचालयको अवस्था

| क.सं. | शौचालय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षकको लागि छुट्टै | ४ | २५ |
| २ | छात्राको लागि छुट्टै | ६ | ३७.५ |
| ३ | छात्रको लागि छुट्टै | ६ | ३७.५ |
| ४ | शिक्षक, विद्यार्थीको लागि संयुक्त | – | – |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिकाको आधारमा शौचालयको स्थिति हेर्दा प्रत्येक विद्यालयमा छात्रछात्राको लागि छुट्टाछुट्टै शौचालय जाने गरेको पाइयो भने शिक्षकहरुको लागि समेत छुट्टै शौचालयको व्यवस्थापन गरेको पाइयो । अध्ययन गरिएका विद्यालयहरुमा जम्मा १६ वटा शौचालयहरु चालु अवस्थामा रहेकामध्ये शिक्षकका लागि ४ वटा, छात्राको लागि ६ वटा र छात्रका लागि ६ वटा छुट्टै शौचालय प्रयोग गरिएको पाइयो ।उक्त तालिकामा प्रस्तुत तथ्याङ्कलाई वृत्तचित्रमा यसरी प्रस्तुत गरिएको छ ।

चित्र १ : विद्यालयमा शौचालयको अवस्था

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको वृत्तचित्रलाई हेर्दा नमुनामा परेका विद्यालयहरुमा शिक्षकका लागि छुट्टै शौचालय २५ प्रतिशत र छात्र तथा छात्राको छुट्टाछुट्टै शौचालय क्रमशः ३७.५ प्रतिशत तथा ३७.५ प्रतिशत को संख्यामा प्रयोग गरिएको पाइयो ।

विद्यालयमा विद्यार्थी संख्याका आधारमा दिशा पिसाब गर्ने आवश्यक व्यवस्थाका लागि शौचालयको आवश्यकता पर्दछ । शौचालयले विद्यालय क्षेत्रमा सफाइ राख्नमा समेत मद्दत पुऱ्याउछ। विद्यालयमा छात्र र छात्राका अलग अलग शौचालयहरु र उचित पानीको समेत प्रबन्ध गर्नुपर्दछ (शर्मा र शर्मा :२०६७) ।

अध्ययन गरिएका विद्यालयमा पक्की शौचालय निर्माण गरी शिक्षक तथा विद्यार्थीलाई सुविधा प्रदान गरिएको पाइयो । प्रत्येक शौचालयमा पानीको सुविधा र शिक्षक तथा छात्र छात्राहरुले छुट्टाछुट्टै शौचालय प्रयोग गर्न पाउने व्यवस्था गर्नु राम्रो पक्ष हो ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयहरुको शौचालयको राम्रो सुविधा  रहेको तथा शौचालयमा साबुन तथा हर्पिक्स र ब्रसको भने व्यवस्था गर्नु पर्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.१.५ खेलमैदान तथा घेराबारा व्यवस्थापनको अवस्था

विद्यालयको बातावरणलाई बाहिरी बातावरणले असर पार्न हुदैन । विद्यार्थीले सिकाइमा निरन्तर भाग लिनका लागि विद्यालय प्रवेश गरिसकेपछि जबसम्म विद्यालय बन्द हुदैन तबसम्म सुरक्षित रुपमा विद्यालयमा रहनुपर्ने हुन्छ। विद्यार्थीको क्रियाकलापका लागि गरिने खेलकुद तथा विभिन्न कार्यक्रमहरु सुरक्षित रुपमा सञ्चालन गर्न विद्यालयमा खेलमैदान तथा घेराबाराको व्यवस्था गर्न आवश्यक हुन्छ ।

अध्ययन गरिएका विद्यालयहरुको खेलमैदान तथा घेराबाराको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६ : विद्यालयमा खेलमैदानको अवस्था

| क्र. सं. | विद्यालय | खेलमैदानको अवश्था | | |
|---|---|---|---|---|
| | | पर्याप्त | ठिकै | पर्याप्त छैन |
| १ | गुरुकुल मा. वि., बिराटनगर | – | ✓ | – |
| २ | भानु मेमोरियल अङ्ग्रेजी मा.वि.,बेलबारी | – | – | ✓ |
| ३ | भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.,पथरी | ✓ | – | – |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार विद्यालयमा खेलमैदानको स्थिति हेर्दा भू.पू.सै.मा.वि.मा खेलमैदान पर्याप्त मात्रामा रहेको, गुरुकुल मा.वि.मा खेलमैदान ठिकै मात्र रहेको र भानु मेमोरियल मा.वि.मा खेलमैदान पर्याप्त नभएको पाइयो । अध्ययन गरिएका सबै विद्यालयहरुका खेलमैदान कम्पाउण्डभित्र घेराबारा गरिएको अवस्थामा विद्यालयकै अगाडि रहेको पाइयो । जसले गर्दा खेलकुद गर्नका लागि टाढा जानु नपर्ने र खेलमैदान सुरक्षित रहेको पाइयो ।

विद्यालयमा विभिन्न खेलकुदका लागि निर्माण गरिएको मैदानलाई खेलमैदान भनिन्छ । किताबी ज्ञानका साथै शारीरिक विकासका क्रियाकलापहरु पनि त्यति नै आवश्यक भएकाले प्रत्येक विद्यालयमा खेलमैदान आवश्यक मानिन्छ (शर्मा र शर्मा :२०६७) ।

विद्यार्थीहरुको अन्तर्निहित क्षमतालाई पहिल्याएर उपयुक्त दिशातिर पहिल्याई प्रवाहित गरी जीवनोपयोगी एवं स्वावलम्वी सिपहरु हासिल गराउनका साथै बालबालिकाहरुलाई आत्मविश्वास जगाउन सकारात्मक सोचको विकास गराउन विद्यालयमा विभिन्न प्रकारका खेलकुदहरु खेलाउनु पर्ने हुन्छ । विद्यार्थीहरु कक्षाकोठा भित्रको मात्र सिकाइ क्रियाकलापबाट दिक्दार तथा थाकेको महसुस गर्दछन् । उनीहरुको दिमागलाई ताजा गराउन पनि बेलाबेलामा खेलकुदका क्रियाकलापहरु गराउन पर्याप्त खेलमैदानको आवश्यकता पर्दछ । यसरी नै विद्यालयको आन्तरिक वातावरणलाई सुरक्षित गर्नका लागि प्रत्येक विद्यालयमा पक्की घेराबाराको समेत व्यवस्था गर्नुपर्दछ । घेराबाराको अवस्थालाई हेर्दा दुई विद्यालयमा पक्की घेराबारा गरिएको र एक विद्यालयमा तारबारले घेराबारा गरिएको पाइयो । तारबारको सट्टा आगामी वर्ष भित्रमा पक्की घेराबारा गर्ने वि.व्य.स.का अध्यक्षले बताउनु भएको छ ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन भएका विद्यालयहरुमा खेलमैदान पर्याप्त नभएको तथा घेराबारा गरिएको निष्कर्षमा पुग्न सकिन्छ ।

### ४.१.६ पुस्तकालय व्यवस्थापनको अवस्था

पाठ्यक्रम अनुसार तयार गरिएका पाठ्यपुस्तकका साथसाथै विद्यार्थीहरुले सन्दर्भसामाग्रीहरु, कथा, लेख, कविता, चुट्किला, पत्रपत्रिका, राष्ट्रिय तथा अन्तराष्ट्रिय समसामयिक गतिविधिहरु, श्रृजनात्मकता वृद्धि गर्ने खालका विभिन्न पुस्तक पुस्तिकाहरु अध्ययन गर्नुपर्ने हुन्छ । यसको लागि प्रत्येक विद्यालयमा पुस्तकालयको व्यवस्था गर्नु सान्दर्भिक हुन्छ ।

अध्ययन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुको पुस्तकालयको स्थिति हेर्दा सबै विद्यालयमा पुस्तकालयको छुट्टै कोठामा व्यवस्था नगरेको पाइयो । पुस्तकालयमा राखिने पुस्तक , पत्रपत्रिका ,सन्दर्भसामाग्रीहरु अपर्याप्त रहेको पाइयो । एक विद्यालयमा छुट्टै पुस्तकालयको व्यवस्था यही शैक्षिक वर्षभित्रमा व्यवस्थापन गरिने प्र.अ.ले बताउनु भएको छ भने बाँकी विद्यालयमा आगामी शैक्षिक वर्षमा व्यवस्थापन गरिने प्र.अ.ले बताउनु भएको छ ।

विद्यालयमा आवश्यक पाठ्यपुस्तक र विद्यार्थीहरुको. मानसिक विकासमा सहयोग हुने विभिन्न पुस्तकहरु तथा पत्रपत्रिकाहरु पुस्तकालयमा हुनुपर्दछ । पुस्तकालयले विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थी सबैलाई ज्ञानको विकासमा सहयोग गर्दछ । पुस्तकालय विद्यालयको छुट्टै भवन वा छुट्टै कोठामा व्यवस्थित गरिनु पर्दछ (शर्मा र शर्मा :२०६७) ।

विद्यालयमा पाठसँग सान्दर्भिक सामग्रीहरु, पाठ्यपुस्तकहरु, पत्रपत्रिकाहरु, कथा, लेख सम्बन्धी पुस्तकहरु, शिक्षक तथा विद्यार्थीहरुलाई अध्ययन गर्न दिनु पर्दछ । अध्ययन गर्ने व्यक्तिहरु धेरै हुने र नियमित रुपमा राख्ने तथा विद्यार्थीहरुलाई पढ्न दिनुपर्ने हुदा छुट्टै स्थानमा व्यवस्थित रुपमा राख्नु पर्दछ । विद्यार्थीहरुलाई पुस्तक पढ्न दिने र जिम्मा लिने सम्बन्धी विवरणको समेत विकास गर्नुपर्दछ । यसका लागि कर्मचारीको समेत व्यवस्था गर्नुपर्दछ । तसर्थ विद्यार्थीहरुलाई अध्ययनशील बनाउन तथा ज्ञानको भण्डार वृद्धि गर्न प्रत्येक विद्यालयमा पुस्तकालयको छुट्टै भवन तथा छुट्टै कोठामा व्यवस्थापन गर्नुपर्दछ ।

नमुनामा रहेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयमा पुस्तकालयको व्यवस्थापन नभएको निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.१.७ प्रयोगशाला व्यवस्थापनको अवस्था

प्रयोगद्वारा शिक्षण गरिएको सिकाइ स्थायी हुन्छ। प्रयोगद्वारा शिक्षण गरिने विषयवस्तुका लागि प्रयोग गर्ने आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्नु पर्दछ र प्रयोग गर्ने छुट्टै स्थान पर्याप्त हुनु आवश्यक हुन्छ । विज्ञान विषयमा बढी भन्दा बढी प्रयोगद्वारा सिकाइ हुने हुँदा प्रत्येक विद्यालयमा प्रयोगशालाको अति जरुरी हुन्छ। विज्ञान प्रयोगशाला छुट्टै र व्यवस्थित हुनुपर्छ।

अवलोकन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका संस्थागत विद्यालयहरुमा प्रयोगशालाको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७ : विद्यालयमा प्रयोगशालाको अवस्था

| क्र. सं. | विद्यालय | प्रयोगशालाको अवस्था | |
|---|---|---|---|
| | | छुट्टै | कक्षाकोठामा |
| १ | गुरुकुल मा. वि., बिराटनगर | – | ✓ |
| २ | भानु मेमोरियल अङ्ग्रेजी मा.वि.,बेलबारी | – | ✓ |
| ३ | भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.,पथरी | – | ✓ |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार प्रयोगशालाको अवस्थालाई विश्लेषण गर्दा विद्यालयहरुमा विज्ञान शिक्षणका सामाग्रीहरु न्यून संख्यामा भए पनि छुट्टै प्रयोगशालाको व्यवस्था नगरेको पाइयो । विज्ञान शिक्षणको लागि प्रयोगशालाको रुपमा कक्षाकोठालाई नै प्रयोग गर्दै आएको पाइयो ।

विद्यालयमा सिकाइने विभिन्न विषयहरुमा कतिपय प्रयोगात्मक विषयहरु हुन्छन्। यस्ता प्रयोगात्मक विषयहरुमा विद्यार्थीहरु आफैले काम गर्न सक्ने कोठाको व्यवस्था गरिनुलाई प्रयोगशाला भनिन्छ (शर्मा र शर्मा :२०६७) ।

विद्यालयमा प्रयोगद्वारा विद्यार्थीहरुलाई प्रदर्शन गरेर शिक्षण गर्नुपर्ने विषयवस्तुका लागि प्रयोग गर्ने सामग्रीहरु आवश्यक पर्दछ। उक्त सामग्रीहरु विद्यार्थीहरुलाई समेत प्रयोग गर्न दिनु पर्दछ। यसरी प्रयोग गर्नका लागि निश्चित र उपयुक्त खालको छुट्टै स्थानको आवश्यकता पर्दछ। यसरी ती सामग्रीहरु छुट्टै कोठामा र व्यवस्थित रुपमा राखेपछि आवश्यक परेको समयमा

बिना सन्देह प्रयोग गर्ने स्थानको निश्चित गर्न सकिन्छ । त्यसकारण विद्यालयमा एउटा छुट्टै कोठामा प्रयोगशालालाई व्यवस्थित गर्नुपर्दछ ।

नमुनाका रुपमा अध्ययन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयहरुमा प्रयोगशालाको व्यवस्था नगरिएको निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.१.८ विद्युतीकरणको अवस्था

विद्यालयमा कम्प्युटर चलाउन आवश्यकता अनुसार पङ्खा चलाउन तथा प्रयोगशालामा विभिन्न सामग्रीहरु प्रयोग गर्दा विद्युतको आवश्यकता पर्ने हुँदा विद्युतीकरणको व्यवस्था गर्नुपर्दछ ।

स्थलगत अवलोकन गरिएका विद्यालयहरुमा प्रत्येकमा विद्युतीकरण गरेको पाइयो । विद्यालयमा कम्प्युटर चलाउन, मटरद्वारा पानी तान्न र पङ्खा चलाउन विद्युतको प्रयोग गरेको पाइयो ।

विद्यालयमा कम्प्युटर चलाउन, कम्प्युटरको माध्यमबाट विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गर्न, गर्मीबाट बच्न पङ्खा चलाउन, आधारभुत सामग्रीको रुपमा विद्युतीकरणलाई लिन सकिन्छ। विद्युतीकरण नगरी विद्युतिय मेसिनहरु चलाउन सकिदैन। सुनाइ सिप विकास गर्न टेप रेकडर, श्रव्य दृश्य सामग्री टेलिभिजन चलाउन पनि विद्युतको आवश्यकता पर्ने हुँदा विद्यालयमा विद्युत जडान गर्नु जरुरी हुन्छ ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयमा विद्युत जडान भएको हुदा विद्युतिकरणको अवस्था राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.१.९ कम्प्युटरको अवस्था

कम्प्युटर एक अत्याधुनिक साधन हो । अहिलेको समयलाई कम्प्युटरको युग भन्ने गरिन्छ। कम्प्युटरमा विभिन्न पक्षका कार्यहरु गर्न सकिन्छ। विद्यालयमा विभिन्न तथ्याङ्कहरुलाई व्यवस्थित रुपमा सुरक्षित राख्न र प्रयोग गर्न कम्प्युटर आवश्यक हुन थालेको छ। त्यसै गरी विद्यार्थीहरुलाई यस सम्बन्धी आधारभूत शिक्षा प्रदान गर्न समेत आवश्यक छ ।

अध्ययन गरिएका विद्यालयहरुमा कम्प्युटरको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८ : विद्यालयमा कम्प्युटरको अवस्था


| क्र.सं. | विद्यालय | कम्प्युटर प्रयोगको अवस्था | | |
|---|---|---|---|---|
| | | कार्यालय प्रयोजन | विद्यार्थी प्रयोजन | जम्मा संख्या |
| १ | गुरुकुल मा. वि., बिराटनगर | १ | ४ | ५ |
| २ | भानु मेमोरियल अङ्ग्रेजी मा.वि.,बेलबारी | १ | ९ | १० |
| ३ | भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.,पथरी | ३ | १४ | १७ |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिकालाई विश्लेषण गर्दा विद्यालयहरुमा कार्यालय प्रयोजनका लागि र विद्यार्थीको लागि समेत कम्प्युटरको व्यवस्था गरेको पाइयो । गुरुकुल मा.वि.मा कार्यालय प्रयोजनका लागि १ थान र विद्यार्थीहरुलाई कम्प्युटरको आधारभूत शिक्षा प्रदान गर्नका लागि ४ थान कम्प्युटरको व्यवस्था गरेको पाइयो । त्यसैगरी भानु मेमोरियल मा.वि.मा कार्यालय प्रयोजनका लागि १ थान र विद्यार्थीका लागि ९ थान गरी जम्मा १० थान कम्प्युटरको व्यवस्था गरेको पाइयो । भू.पू. सैनिक अं.मा.वि.मा भने कार्यालय प्रयोजनका लागि ३ थान र विद्यार्थीका लागि १४ थान गरी जमा १७ थान कम्प्युटरको व्यवस्था गरेको पाइयो ।

माथिको तालिकालाई स्तम्भ चित्रमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

चित्र २ : विद्यालयमा कम्प्युटरको अवस्था




स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको स्तम्भ चित्रलाई विश्लेषण गर्दा सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुमा कार्यालय र विद्यार्थी दुवै प्रयोजनका लागि कम्प्युटरको व्यवस्था गरेको पाइयो । जसअनुसार गुरुकुल मा.वि.मा जम्मा ५ थान, भानु मेमोरियल अं.मा.वि.मा १० थान र भू.पू. सैनिक अं.मा.वि.मा १७ थान कम्प्युटरको व्यवस्था गरेको पाइयो ।

विद्यालयमा नयाँ प्रविधि, समाजको चाहना, वालवालिकाहरको रुचि समेतलाई मध्य नजर गर्दै शिक्षा प्रदान गर्नुपर्दछ । समयानुकूल शिक्षा प्रदान गर्न विद्यालयमा विद्यार्थीहरुलाई कम्प्युटरको आधारभूत ज्ञान दिनुपर्दछ ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयहरुमा कम्प्युटर शिक्षा दिनका लागि कम्प्युटरको व्यवस्थापनको अवस्था राम्रो रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.१.१० फूलबारी बगैंचा तथा वृक्षारोपणको अवस्था

विद्यालय कम्पाउण्ड भित्रको बातावरण मनमोहक बनाउनका लागि फूलबारी बगैंचा निर्माण तथा वृक्षारोपण गर्नुपर्दछ। जसले गर्दा विद्यालयको वातावरणमा शीतलता प्राप्त हुन्छ। विभिन्न जातका फूलहरु तथा रुखहरु रोपेर सजावट गरिएको विद्यालयमा विद्यार्थीहरुको संख्या बढाउन र टिकाउ राख्न सकिन्छ ।

अवलोकन गरिएका विद्यालयहरुको फूलबारी बगैंचा तथा वृक्षारोपणको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९ : विद्यालयमा फूलबारी बगैंचा तथा वृक्षारोपणको अवस्था

| क्र. सं. | विद्यालय | फूलबारी बगैचा | | वृक्षारोपण | |
|---|---|---|---|---|---|
| | | भएको | नभएको | गरेको | नगरेको |
| १ | गुरुकुल मा. वि., बिराटनगर | ✓ | – | ✓ | – |
| २ | भानु मेमोरियल अङ्ग्रेजी मा.वि.,बेलबारी | – | ✓ | – | ✓ |
| ३ | भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.,पथरी | – | ✓ | ✓ | – |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार विश्लेषण गर्दा अध्ययन गरिएका विद्यालयहरुमध्ये गुरुकुल माध्यमिक विद्यालयमा फूलबारी बगैंचा निर्माण तथा वृक्षारोपण गरिएको पाइयो । भू.पू. सैनिक अं.मा.वि.मा वृक्षारोपण मात्र गरेको पाइयो । त्यसैगरी भानु मेमोरियल अं.मा.वि.मा फूलबारी बगैंचा निर्माण तथा वृक्षारोपण दुवै नगरेको पाइयो ।

विद्यालयमा आकर्षक फूलबारी बगैंचा निर्माण तथा वृक्षारोपण गरी आकर्षक तथा मनमोहक वातावरणको सृजना गरेर शिक्षक तथा विद्यार्थीलाई उत्प्रेरित गर्न सकिन्छ । विद्यालयको आकर्षक वातावरणले गर्दा विद्यार्थीको स्मरण शक्ति वृद्धि हुने, फुर्तिलोपनको विकास हुने तथा उत्साही हुनुको साथै विद्यार्थी संख्या वृद्धि हुनमा समेत सघाउ पुऱ्याउछ । स्वच्छ र हराभरा वातावरणको कारणले शिक्षकमा जोसजागर उत्साह वृद्धि भई तोकिएको कार्य गर्न उत्प्रेरित हुने गर्दछन् ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयहरुमा फूलबारी बगैंचा निर्माण तथा वृक्षारोपणको अवस्थालाई पूर्ण रुपमा व्यवस्थापन नगरेको निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.१.११ चमेनागृहको अवस्था

शिक्षक तथा विद्यार्थीहरुलाई चिया नास्ताको लागि विद्यालयको कम्पाउण्डभित्र चमेना गृहको आवश्यकता पर्दछ । यसरी स्थापना गरिने चमेना गृहमा स्वच्छ तथा ताजा खानेकुराहरुको व्यवस्था गर्नुपर्छ । विद्यालयमा ६ घण्टाको समयसम्म शिक्षक तथा विद्यार्थीहरु रहनु पर्ने हुँदा चिया नास्ताको व्यवस्था गर्न चमेनागृहको व्यवस्था गर्नु पर्दछ ।

अध्ययन गरिएका विद्यालयहरुमा चमेनागृह व्यवस्थापनको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १० : चमेनागृहको अवस्था

| क्र. सं. | विद्यालय | चमेनागृह | |
|---|---|---|---|
| | | छ | छैन |
| १ | गुरुकुल मा.वि., बिराटनगर | ✓ | × |
| २ | भानु मेमोरियल मा.वि., बेलबारी | ✓ | × |
| ३ | भू.पू.सैनिक मा.वि, पथरी | × | ✓ |

स्रोत : स्थलगत अध्ययन, २०६७

अवलोकन गरिएका विद्यालयहरुमध्ये गुरुकुल मा.वि. र भानु मेमोरियल मा.वि.मा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई चिया नास्ताको लागि चमेनागृहको व्यवस्था गरेको पाइयो । उक्त विद्यालयहरुमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरु चिया नास्ता गर्न चमेनागृहमा नै जाने गरेको पाइयो । भू.पू. सैनिक अं.मा.वि.मा चिया नास्ताको लागि चमेनागृहको व्यवस्था नगरेको पाइयो । जसले गर्दा यस विद्यालयमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई चिया नास्ताको असुविधा रहेको पाइयो ।

विद्यालयमा आउने विद्यार्थी, शिक्षक र कर्मचारीहरुका लागि खाजा तथा खानाका लागि चमेनागृहको आवश्यकता पर्दछ । आवाशीय विद्यालयमा छात्राबासका विद्यार्थीलाई खाना र खाजा, अन्य विद्यार्थीलाई चिया, खाजा खुवाउने व्यवस्था चमेनागृहमा हुनुपर्दछ (शर्मा र शर्मा :२०६७) ।

विद्यालयमा विद्यार्थी तथा शिक्षकलाई थकान, भोक मेटाउन, आराम तथा चिया चमेनाको आवश्यकता पुरा गर्नका लागि स्वच्छ , ताजा खाजा र स्वच्छ पिउने पानीको व्यवस्था भएको चमेनागृहको आवश्यकता पर्दछ । चमेनागृहमा नियमित रुपमा खानेकुराको व्यवस्था भएको हुनुपर्दछ । चमेनागृह विद्यालय कम्पाउण्डभित्र तर कक्षाकोठा भन्दा अलग हुनुपर्दछ । अध्ययन गरिएका विद्यालयहरुमध्ये चमेनागृह भएका विद्यालयमा चमेनागृहमा तयार गरिने खानेकुराहरु सफा र स्वच्छ राख्नका लागि आवश्यक सल्लाह सुझाव विद्यालयले दिने गरेको विद्यालयका प्रधानाध्यापकहरुले बताउनु भएको छ । जसअनुसार चमेनागृहमा पाइने खानेकुरा स्वच्छ तथा ताजा रहेको पाइयो भने बस्ने ठाउँको उपयुक्त व्यवस्थापन नगरेको र सरसफाइ पूर्ण रुपमा नगरको पाइयो ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयहरुको चमेनागृहको सामान्य अवस्थामा रहेका निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.१.१२ पार्किङ्ग व्यवस्थापनको अवस्था

विद्यालयमा शिक्षक, विद्यार्थी, अभिभावक, निरीक्षक, स्रोतव्यक्ति तथा अन्य अतिथिहरुको आवत जावत निरन्तर भइरहन्छ । समय परिवर्तन सँगसँगै विभिन्न सवारीका साधनहरु, साइकल, मोटरसाइकल तथा कारहरुको पार्किङ्गको छुट्टै व्यवस्थापन गर्नुपर्छ ।

अवलोकन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुमा भएको पार्किङ्गको अवस्थालाई विश्लेषण गर्दा पार्किङ्गको व्यवस्था नगरेको पाइयो ।

विद्यालयमा शिक्षक, कर्मचारी, विद्यार्थी तथा अन्य आगन्तुक व्यक्तिहरुको सवारीका साधनहरुलाई घामपानीबाट जोगाइ सुरक्षा प्रदान गर्नु पर्दछ । विद्यालयमा यसरी ल्याइएका सवारीका साधनलाई विद्यालयले नै सुरक्षा गर्नका लागि सवारी साधन पार्किङ्ग स्थलको निर्माण गर्नुपर्दछ ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयमा सवारी साधन पार्किङ्ग गर्ने पार्किङ्ग स्थल नभएको निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.१.१३ छात्रावासको अवस्था

विद्यालय दैनिक रुपमा आवत जावत गर्न कठिन हुने विद्यार्थीहरुको लागि विद्यालयमा वसोवास व्यवस्थापनको लागि छात्रावासको आवश्यकता पर्दछ । छात्रावासमा पढ्न, बस्न तथा सुत्नका लागि उपयुक्त वातावरण, खानेपानी, शौचालय तथा सुरक्षा प्रबन्ध, स्वास्थ्य परिक्षणको व्यवस्था तथा पोषणयुक्त खानेकुराहरुको व्यवस्था गर्नुपर्दछ ।

स्थलगत अवलोकन गरिएका विद्यालयहरुका छात्रावासको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ११ : छात्रावासको अवस्था

| क्र. सं. | विद्यालय | छात्रावास | | छात्रावासको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | छ | छैन | वार्डेन | पढ्ने कोठा | क्यान्टिन | शौचालय | खानेपानी |
| १ | गुरुकुल मा.वि | ✓ | – | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २ | भानु मेमो. मा.वि. | – | ✓ | – | – | – | – | – |
| ३ | भू.पू.सै.मा.वि. | – | ✓ | – | – | – | – | – |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका नमुनामा परेका विद्यालयहरुमध्ये गुरुकुल मा.वि.मा छात्रावासको व्यवस्था गरेको पाइयो भने भानु मेमोरियल मा.वि. र भू.पू. सैनिक मा.वि.मा छात्रावास नभएको पाइयो । छात्रावास भएको विद्यालयमा छात्रावासमा आवश्यक पर्ने भौतिक सुविधाहरुमा पढ्ने कोठा, क्यान्टिन, शौचालय, खानेपानीको समेत व्यवस्था गरेको पाइयो ।

विद्यालयमा विद्यार्थीहरु आवासीय रुपमा बसी पठनपाठन गर्नका लागि छात्रावासको आवश्यकता पर्दछ (शर्मा र शर्मा :२०६७) । विद्यालयको पढाइको स्तर हेरी टाढा टाढाका विद्यार्थीहरु पनि आउन सक्छन् । विद्यालयको सबै अवस्थालाई विचार गरेर विद्यार्थी संख्या समेतलाई ध्यान दिएर छात्राबासको व्यवस्था गर्नुपर्दछ । छात्रावासमा वार्डेन, पढ्ने कोठा, कमनरुम, क्यान्टिन, शौचालय, खानेपानी जस्ता सुविधाहरुको व्यवस्था गर्नुपर्दछ । अध्ययन गरिएका विद्यालयमा रहेको छात्रावासमा यी सुविधाहरु उपलब्ध गराएको पाइयो ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयमा भएका छात्रावासको अवस्था राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.१.१४ भौतिक सुविधाहरुको सुरक्षा अवस्था

विद्यालय अन्तर्गत रहेका सम्पूर्ण भौतिक पक्षहरुको निर्माण मात्र भएर हुँदैन । भौतिक सुविधाहरुको मर्मत तथा संरक्षण गर्नुपर्दछ। विद्यालय भवन, खानेपानी सुविधा, शौचालय जस्ता कुराहरु एक पटक निर्माण गरेपछि लामो समयसम्म टिकाइ राख्नुपर्दछ। त्यस्ता संरचनाहरु पुनः निर्माण गर्नको लागि ठुलो धनराशीको आवश्यक हुन जान्छ ।

अध्ययन गरिएका विद्यालयहरुमा भौतिक सुविधाहरुको सुरक्षा अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १२ : भौतिक सुविधाहरुको सुरक्षा अवस्था

| क्र. सं. | विद्यालय | सुरक्षा अवस्था | | |
|---|---|---|---|---|
| | | पाले कर्मचारी | ढोकामा ताला चाबीको व्यवस्था | घेरावारा |
| १ | गुरुकुल मा.वि | ✓ | ✓ | ✓ |
| २ | भानु मेमो. मा.वि. | ✓ | ✓ | ✓ |
| ३ | भू.पू.सै.मा.वि. | ✓ | ✓ | ✓ |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिकाको आधारमा अध्ययन गरिएका विद्यालयहरुको भौतिक सुविधाहरुको सुरक्षाका लागि विद्यालयमा पाले कर्मचारीको व्यवस्था गरेको पाइयो । पाले कर्मचारीलाई वसोवास गर्ने व्यवस्था समेत गरिएको पाइयो । त्यसैगरी विद्यालयका प्रत्येक झ्याल ढोकाहरु

तथा गेटमा ताला  चाबी लगाएर  बन्द गर्ने  व्यवस्था गरेको समेत पाइयो। विद्यालयमा भौतिक सुविधाहरुको सुरक्षाको लागि कम्पाउण्ड घेरावाराको समेत व्यवस्था गरेको पाइयो।

शिक्षा प्रणालीले राखेका उद्देश्यहरु पुरा गर्न भौतिक रुपबाट आवश्यक पर्ने सुविधाहरुलाई भौतिक सुविधा भनिन्छ। भौतिक सुविधा नभई शिक्षक, विद्यार्थी जस्ता मानवीय लगानीले कुनै पनि शैक्षिक क्रियाकलाप गर्न सक्दैन। त्यसैले शिक्षक विद्यार्थीलाई उपयुक्त, वैज्ञानिक र व्यवहारिक ज्ञान, सिप र अनुभव सिक्न सिकाउन चाहिने सुविधाहरुको विद्यालयले व्यवस्थापन, संरक्षण तथा सुरक्षा गर्नुपर्दछ (शर्मा र शर्मा, २०६५)।

विद्यालयमा विद्यालय भवन, कक्षाकोठा, फर्निचर, खेलमैदान, शौचालय, खानेपानीको सुविधा, पुस्तकालय, प्रयोगशाला, छात्रावास जस्ता महत्वपूर्ण भौतिक सुविधाहरुको व्यवस्था गरिएको हुन्छ। यी भौतिक सुविधाहरु लामो समयसम्म रहने अर्थात् खप्ने सामान अन्तर्गत पर्दछन्। खप्ने सामान हुँदैमा सुरक्षा तथा संरक्षण नगरीकन लामो समयसम्म टिक्न सक्दैनन्। तसर्थ विद्यालयमा व्यवस्था गरिएका समग्र भौतिक सुविधाहरुको सुरक्षा गर्नुपर्दछ। अध्ययन गरिएका विद्यालयहरुमा यस्ता भौतिक सुविधाहरुको संरक्षण गर्नको लागि मासिक तलब भत्ता सहित निरन्तर रेखदेख गर्न पाले कर्मचारीको व्यवस्था गरिएको, कम्पाउण्ड घेरावारा गरिएको र प्रत्येक झ्याल ढोकाहरुमा तालाचाबी नियमित रुपमा लगाउने गरिएको हुँदा नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका संस्थागत विद्यालयहरुको भौतिक सुविधाहरुको सुरक्षाको अवस्था राम्रो  रहेको निष्कर्ष निकाल्न सकिन्छ।

## ४.२ विद्यालयमा शैक्षिक पक्षको व्यवस्थापन

शिक्षाको लक्ष्य तथा उद्देष्य पुरा गर्नको लागि विद्यालय व्यवस्थापनले महत्वपूर्ण भुमिका खेल्दछ। विद्यालयको समग्र व्यवस्थापनमध्ये शैक्षिक पक्षको व्यवस्थापन एक अभिन्न अङ्गको रुपमा मान्न सकिन्छ। शैक्षिक पक्षको व्यवस्थापनमा शैक्षिक योजना, शैक्षिक सामग्रीको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, शिक्षक नियुक्तिको व्यवस्थापन , शिक्षक तालिम र कक्षा शिक्षणको व्यवस्थापन, सिकाइ उपलब्धिको अवस्था, परीक्षा सञ्चालन, व्यवस्थापन र निरीक्षण, अनुगमन तथा मूल्याङ्कनको  अवस्था जस्ता पक्षहरुमा आधारित रही व्याख्या तथा विश्लेषण गर्ने प्रयत्न गरिएको छ।

## ४.२.१ शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको अवस्था

विद्यालयमा मूलतः शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने हुँदा विभिन्न शैक्षिक योजनाहरुको निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ। एक वर्षसम्म गरिने कार्यहरु कुन समयसम्ममा विद्यार्थीहरुलाई कति सिकाइ उपलब्धि गराउने, कुन समयमा परीक्षा सञ्चालन गर्ने, कुन कुन समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने जस्ता निश्चित कार्यहरु गर्ने समय किटान गरी पूर्व योजना तयार गर्नु पर्दछ । यसका साथसाथै कुन शिक्षकले कुन विषय शिक्षण गर्ने तथा क-कसले कुन कुन कार्य गर्ने भन्ने जिम्मेवारी समेत विभाजन गर्नु पर्दछ ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुको शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १३ : शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको अवस्था

| क्र. सं. | शैक्षणिक योजना | गुरुकुल मा.वि. | | भानु मेमो. मा.वि. | | भू.पू.सै.मा.वि. | |
|---|---|---|---|---|---|---|---|
| | | निर्माण गरेको | कार्यान्वयन गरेको | निर्माण गरेको | कार्यान्वयन गरेको | निर्माण गरेको | कार्यान्वयन गरेको |
| १ | वार्षिक कार्यतालिका | छ | छ | छ | छ | छ | छ |
| २ | वार्षिक कार्ययोजना | छैन | छैन | छैन | छैन | छैन | छैन |
| ३ | एकाइ योजना | छैन | छैन | छैन | छैन | छैन | छैन |
| ४ | दैनिक पाठयोजना | छैन | छैन | छैन | छैन | छैन | छैन |
| ५ | दैनिक कक्षा तालिका | छ | छ | छ | छ | छ | छ |

स्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिकाको आधारमा अध्ययन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका नमुना विद्यालयहरुमा वार्षिक कार्यतालिका निर्माण गर्ने गरेको तथा सोही अनुसार शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने गरेको पाइयो । त्यसैगरी दैनिक कक्षा तालिका निर्माण गरी कार्यान्वयन गर्ने गरेको पाइयो । नमुनामा परेका सबै विद्यालयहरुमा वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजना भने निर्माण नगरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो ।

शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित ढंगले सञ्चालन गर्न आवश्यक पर्ने सबै प्रकारका कार्यहरु शैक्षणिक योजना भित्र पर्दछन् । शैक्षणिक योजना त्यस्तो कार्य हो जसको

अभावमा कुनै पनि शिक्षण संस्थाले र कुनै पनि शिक्षकले प्रभावकारी शिक्षण सिकाइ गराउन सक्दैन । शैक्षणिक योजना विद्यालय र शिक्षकको ज्यादै महत्वपूर्ण योजना हो (शर्मा र शर्मा, २०६५) । शैक्षिक लक्ष्य तथा उद्देश्य पुरा गर्नका लागि विद्यालयमा शैक्षणिक योजना निर्माण गर्नुपर्दछ । योजना निर्माण गरिसकेपछि कार्यान्वयनको तहमा लैजानको लागि संगठन, नेतृत्व, नियन्त्रण तथा मूल्याङ्कन गर्न व्यवस्थित रुपमा कार्य विभाजन गर्नुपर्दछ । वार्षिक कार्य तालिका निर्माण गर्दा प्रधानाध्यापकले शिक्षक, निरीक्षक तथा विद्यार्थीहरुको संयुक्त सहयोग लिई शैक्षिक वर्षभरीमा पर्ने राष्ट्रिय बिदाहरु, स्थानीय बिदाहरु, कार्य सञ्चालनका दिनहरु, परीक्षा सञ्चालन हुने मितिहरु, अतिरिक्त क्रियाकलाप सञ्चालन  गरिने दिनहरु, चाडपर्वहरु, स्टाफ बैठक जस्ता सम्पूर्ण कुराहरु उल्लेख गर्नुपर्दछ । वार्षिक कार्ययोजना प्रत्येक शिक्षकले निर्माण गर्नुपर्दछ । शिक्षकले कुन कुन महिना, कुन कुन दिन के के पाठ पढाउने, प्रत्येक पाठमा के कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने, के कस्ता सह-क्रियाकलापहरु गराउने सबैको विस्तृत विवरण उल्लेख गरेर वार्षिक कार्ययोजना निर्माण गर्नुपर्दछ । प्रत्येक एकाइको तोकिएका उद्देश्यहरु पुरा गर्न एकाइ उद्देश्य, शिक्षण सामग्री, शिक्षण विधि र क्रियाकलापहरु समेत किटान गरि एकाइ योजना निर्माण गर्नु पर्दछ । विद्यार्थीको रुचि अनुसार पढाउन तथा तोकिएको सिकाइ उपलब्धि हासिल हुनेगरी शिक्षण गर्नका लागि प्रत्येक पाठको दैनिक पाठयोजना निर्माण गर्नुपर्दछ । दैनिक पाठयोजनामा पाठको उद्देश्य, शिक्षण विधि, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन जस्ता तत्वहरु समावेश गरेर निर्माण गर्नुपर्दछ । कक्षा शिक्षकहरुले आ-आफ्ना तोकिएका समयमा कक्षा शिक्षण गर्नका लागि विद्यालयमा दैनिक कक्षा तालिका निर्माण गर्नु पर्दछ ।

अध्ययन गरिएका विद्यालयहरुमा दैनिक कक्षा तालिका र वार्षिक कार्यतालिकाको निर्माण गरी कार्यान्वयन गर्ने गरेको पाइयो भने वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजनाको निर्माण नगरी शिक्षण सिकाइ  क्रियाकलाप सञ्चालन गरेको पाइयो । त्यसैले नमुनामा परेको विद्यालयहरुको शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको अवस्था राम्रो नरहेको निष्कर्षमा पुग्न सकिन्छ ।

### ४.२.२ शैक्षिक सामग्री व्यवस्थापनको अवस्था

कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन, विद्यार्थीहरुलाई उत्प्रेरित गर्न, विद्यार्थीको ध्यान सिकाइमा केन्द्रित गर्न, लक्षित सिकाइ उपलब्धि हासिल गराउन विषयवस्तुसँग सम्बन्धित सान्दर्भिक शैक्षिक सामग्रीहरु प्रयोग गर्नु पर्दछ । शैक्षिक सामग्री प्रयोग गरेर गरिएको शिक्षण प्रभावकारी हुनुका साथै विद्यार्थीको सिकाइ स्थायी हुन्छ ।

अध्ययन गरिएका विद्यालयहरुमा प्रयोग गरिदै आएका शैक्षिक सामग्रीहरुको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४ : विद्यालयमा शैक्षिक सामग्रीको अवस्था

| क. सं. | विद्यालय | शैक्षिक सामग्रीको अवस्था | | |
|---|---|---|---|---|
| | | सङ्कलन गरिएका | आफैले निर्माण गरेका | खरिद गरिएका |
| १ | गुरुकुल मा. वि., बिराटनगर | ५ | ५ | ३० |
| २ | भानु मेमोरियल अङ्ग्रेजी मा.वि.,बेलबारी | ७ | ५ | २५ |
| ३ | भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.,पथरी | ६ | ८ | ३२ |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका नमुनामा परेका विद्यालयहरुमध्ये गुरुकुल मा.वि.मा सङ्कलन गरिएका शैक्षिक सामग्रीहरु ५ वटा, आफैले निर्माण गरेका शैक्षिक सामग्रीहरु ५ वटा, खरिद गरिएका शैक्षिक सामग्रीहरु ३० वटा, भानु मेमोरियल मा.वि.मा सङ्कलन गरिएका शैक्षिक सामग्रीहरु ७ वटा, आफैले निर्माण गरेका शैक्षिक सामग्रीहरु ५ वटा, खरिद गरिएका शैक्षिक सामग्रीहरु २५ वटा र भू.पू. सैनिक मा.वि.मा सङ्कलन गरिएका शैक्षिक सामग्रीहरु ६ वटा, आफैले निर्माण गरेका शैक्षिक सामग्रीहरु ८ वटा र खरिद गरिएका शैक्षिक सामग्रीहरु ३२ वटा रहेका पाइयो ।

विद्यालयको शिक्षण सिकाइ वातावरणलाई सहयोग पुऱ्याउने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शैक्षिक सामग्री विषय अनुसार फरक फरक हुने गर्दछन् । कतिपय शैक्षिक सामग्री विद्यालयमा तयारी अवस्थामा हुन्छन् भने कतिपय शिक्षकले आवश्यकता अनुसार निर्माण गर्नुपर्ने हुन्छ (शर्मा र शर्मा, २०६७) । पाठ्यक्रममा निर्दिष्ट गरिएको सिकाइ उपलब्धिहरु हासिल गराउनको लागि पाठ्यवस्तुसँग सान्दर्भिक उपयुक्त खालका शैक्षिक सामग्रीहरु अधिक रुपमा प्रयोग गर्नुपर्दछ । सिकाइ उपलब्धि हासिल गर्नका लागि पाठ्यक्रम र पाठ्यवस्तुको विश्लेषण गरी उपयुक्त शैक्षिक सामग्रीहरुको सङ्कलन, निर्माण तथा खरिद गरी प्रत्येक शिक्षण सिकाइ क्रियाकलापमा केही न केही शैक्षिक सामग्री प्रयोग गर्नुपर्दछ । जसले गर्दा पाठ्यक्रममा निर्दिष्ट सिकाइ उपलब्धि हासिल हुन सक्छ ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयमा शैक्षिक सामग्री संकलन तथा निर्माण गर्ने नगरेको र न्यून संख्यामा खरिद गरी व्यवस्थापन गरेको निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.२.३ कक्षाकोठा व्यवस्थापन तथा कक्षा शिक्षणको अवस्था

कक्षाकोठा व्यवस्थापनमा वालवालिकाहरुको सिकाइ क्रियाकलाप अनुरुप उपयुक्त बसाइ व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्दछ। एउटा कक्षामा विभिन्न अवस्थाका विद्यार्थीहरु अध्ययन गर्ने आउदछन् । तिनीहरुका लागि उपयुक्त कक्षाकोठाको वातावरण, सफासुग्घर, उज्यालो, मनोरञ्जनपूर्ण, शैक्षिक सामग्रीले भरिपूर्ण भएको, विषयकुनाको व्यवस्थापन गरिएको कालोपाटी उपयुक्त स्थानमा राखिएको हुनु जरुरी हुन्छ । जसले गर्दा बालबालिकाहरुमा सिकाइप्रति उत्सुकता, जागर, तथा अभिरुचि वृद्धि हुन्छ ।

अध्ययन गरिएका विद्यालयहरुको कक्षा व्यवस्थापन तथा कक्षा शिक्षणको अवस्थालाई विश्लेषण गर्दा कक्षाकोठामा भ्याल ढोकाको व्यवस्था गरेको पाइयो । कालोपाटी उपयुक्त स्थानमा व्यवस्थापन गरेको पाइयो । वालकक्षाहरुमा सिकाइ अनुकुल हुने गरी भित्तामा केही शैक्षिक सामग्रीहरु टाँसिएका तथा स्थायी रुपमा लेखिएको पाइयो तर बाँकी कक्षाकोठाहरुमा शैक्षिक सामग्री, डस्टबिन, डस्टप्यान, विषयकुना जस्ता अतिआवश्यक सामग्रीको व्यवस्था नगरिएको पाइयो । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा प्रायः शिक्षक केन्द्रित विधिबाट शिक्षण गरेको पाइयो ।

विद्यालयमा बालबालिकाहरु पढ्नका लागि आउछन् । उनीहरुको सिकाइको लागि कक्षाकोठाको वातवारण उपयुक्त प्रकारको हुनु पर्दछ। कक्षाकोठाको वातावरण उपयुक्त भयो भने मात्र शिक्षण सिकाइ प्रभावकारी हुन्छ (अर्याल, निरौला, पौड्याल र कोइराला (२०६२)। कक्षाकोठाको व्यवस्थापनमा बसाइको व्यवस्थापन, शैक्षिक सामग्रीको व्यवस्थापन, फर्निचरको व्यवस्थापन, सजावटको व्यवस्थापन, सरसफाइको व्यवस्थापन पर्दछन्। कक्षाकोठा व्यवस्थापन शिक्षण सिकाइको अभिन्न अङ्ग हो । सफा स्वच्छ र स्वचालित कक्षाकोठा सिकाइका लागि उपयुक्त वातावरण हो । कक्षा शिक्षण गर्दा विद्यार्थीहरुलाई उत्प्रेरित गर्ने, सहज वातावरणको सृजना गर्ने, विद्यार्थी केन्द्रित विधिहरु अपनाउने, समस्या समाधान गर्न विद्यार्थीलाई प्रेरीत गर्ने, शैक्षिक सामग्री बढी भन्दा बढी प्रयोग गर्ने, कक्षाकोठा सिकाइ अनुकुल हुने गरी व्यवस्थापन गर्ने, बसाइ व्यवस्थापन उपयुक्त ढंगले गर्ने, प्रत्येक विद्यार्थीलाई सिकाइमा समान अवसर प्रदान गर्ने, कोठा नियमित रुपमा सफा राख्ने जस्ता महत्वपूर्ण कार्यहरु शिक्षकले व्यवस्थापन गर्नुपर्दछ ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापन तथा कक्षा शिक्षणको अवस्था सामान्य रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.२.४ अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था

अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा लिइन्छ । विद्यार्थीहरुलाई सक्रिय सिकाइको अवसर दिन, सिकाइलाई जीवन्त बनाउन, तथा वालवालिकाको जीवनलाई सहजता दिन, नागरिक गुणको विकास गराउन, समायोजन क्षमतालाई वृद्धि गराउन यो ज्यादै उपयोगी हुन्छ । यस्ता क्रियाकलापले बालबालिकामा योजना, संगठन, समन्वय र सहकार्य जस्ता क्षमताको विकास गराउछ । बालबालिकाको सर्वाङ्गीण पक्षमा सक्षमता दिलाउछ । अतिरिक्त क्रियाकलापहरु विद्यालयको प्रभावभित्र र बाहिर सञ्चालन गर्न सकिन्छ । जहाँ सञ्चालन गरे पनि बालबालिकाको शैक्षिक, शारीरिक, व्यवहारिक, सामाजिक, संवेगात्मक, तथा नैतिक विकासमा यसले मुख्य भुमिका खेल्दछ । पाठ्यक्रमले निर्देशन गरे वा नगरे पनि क्रियाकलापहरु सञ्चालन गर्न सकिन्छ । यस्ता क्रियाकलापले शैक्षिक उपलब्धिमा प्रत्यक्ष वा परोक्ष दुवै रुपमा सम्बन्ध राख्ने हुँदा यसको महत्वलाई ज्यादै सचेत रुपमा स्विकारिएको पाइन्छ ।

अध्ययन गरिएका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १५ : अतिरिक्त क्रियाकलाप अन्तरगत गरिने प्रतियोगिताहरुको अवस्था

| क्र. सं. | प्रतियोगिता | गुरुकुल मा.वि. | | भानु मेमो.मा.वि. | | भू.पू.सै.मा.वि. | |
|---|---|---|---|---|---|---|---|
| | | गर्ने गरेको | गर्ने नगरेको | गर्ने गरेको | गर्ने नगरेको | गर्ने गरेको | गर्ने नगरेको |
| १ | खेलकुद | ✓ | – | ✓ | – | ✓ | – |
| २ | हाजिरीजवाफ | ✓ | – | ✓ | – | ✓ | – |
| ३ | हिज्जे | – | ✓ | ✓ | – | ✓ | – |
| ४ | वादविवाद | ✓ | – | ✓ | – | ✓ | – |
| ५ | वक्तृत्वकला | ✓ | – | ✓ | – | ✓ | – |
| ६ | कविता | ✓ | – | – | ✓ | ✓ | – |
| ७ | चित्रकला | ✓ | – | ✓ | – | ✓ | – |
| ८ | हस्तकला | – | ✓ | – | ✓ | – | ✓ |
| ९ | नृत्य | ✓ | – | ✓ | – | ✓ | – |
| १० | गायन | ✓ | – | ✓ | – | ✓ | – |
| ११ | अन्ताक्षरी | ✓ | – | ✓ | – | ✓ | – |
| १२ | चुट्किला | ✓ | – | – | ✓ | ✓ | – |
| १३ | कथा | ✓ | – | ✓ | – | – | ✓ |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार अध्ययन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप अन्तरगतका माथि उल्लेखित विभिन्न प्रतियोगिताहरु सञ्चालन गर्ने गरेको पाइयो । गुरुकुल मा.वि.मा मासिक रुपमा हिज्जे र हस्तकला प्रतियोगिता बाहेक माथि उल्लेखित सबै प्रतियोगिताहरु सञ्चालन गर्ने गरेको पाइयो । भानु मेमोरियल अङ्ग्रेजी मा.वि.मा पाक्षिक रुपमा कविता, हस्तकला र चुट्किला बाहेकका माथि उल्लेखित सबै प्रतियोगिताहरु सञ्चालन गर्ने गरेको पाइयो । त्यसैगरी भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.मा त्रैमासिक रुपमा हस्तकला र कथा प्रतियोगिता बाहेकका माथि उल्लेखित सबै प्रतियोगिताहरु सञ्चालन गर्ने गरेको पाइयो ।

बालबालिकाहरुले आफ्ना पठनपाठनका क्रियाकलाप बाहेक खेलकुद, बादबिवाद, नाचगान, बाद्यवादन, लेख-निवन्ध, कथा-कबिता र अन्य मनोरञ्जनका थुप्रै थुप्रै कार्यहरु गर्ने गर्दछन् (शर्मा र शर्मा, २०६५)। अतिरिक्त क्रियाकलाप अन्तर्गतका यस्ता विभिन्न प्रतियोगिताहरु

विद्यालयले नियमित रुपमा गराउनु पर्दछ। जसले गर्दा कुन विद्यार्थी कुन क्रियाकलाप गर्न रुचि राख्छ वा सक्षम छ सो छुट्याउनको लागि अतिरिक्त क्रियाकलापका विभिन्न प्रतियोगिताहरु सञ्चालन गर्नुपर्दछ। विद्यार्थीको मानसिक, बौद्धिक र शारीरिक विकासको लागि यस्ता विभिन्न प्रतियोगिता सञ्चालन गर्नु पर्दछ । विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीहरुले सिकाइ क्रियाकलापमा रुचि राख्छन् र दक्षता हासिल गर्छन् नै भन्न सकिन्न। कुनै विद्यार्थीको खेलकुद विधामा, कुनै विद्यार्थी सांस्कृतिक विधामा, कुनै विद्यार्थी बौद्धिक विधामा विशेष रुचि राख्ने र दक्षता हासिल गर्ने खालका हुन सक्छन्। तसर्थ विद्यालयमा बौद्धिक खुराकको साथसाथै अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरेर विद्यार्थीको रुचि र चाहना अनुसार मानसिक तथा शारीरिक दक्षता हासिल गर्ने अवसर प्रदान गर्नुपर्दछ ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयहरुको अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.२.५ परीक्षा व्यवस्थापनको अवस्था

विद्यार्थीले सिकेका ज्ञान सिप, प्रवृत्ति एवं उपलब्धिलाई प्रमाणीकरण गर्न, विद्यार्थीको स्तर निर्धारण गर्न, कुनै तह वा विषयको लागि पूर्व ज्ञानको जाच गर्न, विद्यार्थीको शैक्षिक स्तरको निर्णय लिन तथा विद्यार्थीलाई शैक्षिक प्रमाणपत्र प्रदान गर्नको लागि प्रत्येक कक्षाहरुमा परीक्षा लिनुपर्दछ। सामान्यतया परीक्षा प्रथम त्रैमासिक, अर्ध वार्षिक र वार्षिक गरेर शैक्षिक सत्रभरिमा तिन पटक लिइन्छ। पाठ्यक्रममा उल्लेख गरिएका सिकाइ उपलब्धिहरु के कति हासिल हुनसक्यो भन्ने कुराको जानकारीको लागि प्रश्नपत्रहरु तयार गरेर औपचारिक रुपमा परीक्षा लिनुपर्दछ।

अध्ययन गरिएका विद्यालयहरुको परीक्षाको चरण तथा अङ्कभारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १६ : परीक्षा व्यवस्थापनको अवस्था

| क्र. सं. | विद्यालय | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | वार्षिक परीक्षा | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गुरुकुल मा. वि., बिराटनगर | २० % | २० % | २० % | ४० % | १०० % |
| २ | भानु मेमोरियल अङ्ग्रेजी मा.वि.,बेलबारी | १० % | १५ % | २५ % | ५० % | १०० % |
| ३ | भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.,पथरी | १६ % | २० % | २४ % | ४०% | १०० % |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका संस्थागत विद्यालयहरुमा ३/३ महिनाको फरकमा चार चरणमा विद्यार्थीहरुको निर्णयात्मक मूल्याङ्कन अन्तर्गत परीक्षा सञ्चालन गर्ने गरेको पाइयो । प्रत्येक विद्यालयमा परीक्षाको अङ्कभार फरक ढंगले विभाजन गरेको पाइयो ।

प्राथमिक तहमा औपचारिक मूल्याङ्कन प्रणाली अन्तर्गत एकाई परीक्षा, त्रैमासिक परीक्षा र वार्षिक परीक्षा पद्धतिको उपयोग गरिन्छ। कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुका लागि उदार कक्षोन्नतिको अवधारणा अघि सारिएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अनुसार माथिल्लो कक्षामा जाने उमेर पुगेको, विद्यालय खुलेको ७० प्रतिशत दिन हाजिर भएको र शैक्षिक सत्रको पहिलो चौमासिक अवधिमा नै कक्षामा बिशिष्ट क्षमता देखाएको विद्यार्थीलाई सोही अवधि भित्रमा कक्षा चढाउन सकिन्छ (गौतम र निरौला, २०६१) ।

विद्यालयमा निर्णयात्मक मूल्याङ्कन अन्तर्गत विभिन्न परीक्षाहरु सञ्चालन गर्नुपर्दछ। विद्यार्थीहरुले के कति सिकाइ उपलब्धि हासिल गरे भनी मापन गर्न परीक्षालाई प्रमुख माध्यमको रुपमा उपयोग गरिन्छ। विद्यार्थी मूल्याङ्कनको परिवर्तित अवस्था अनुरुप हाल विद्यार्थीको हरेक क्रियाकलापको मूल्याङ्कन गरिन्छ । निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत विद्यार्थीको गृहकार्य, अनुशासन, घटना रेकर्ड, हाजिरी, अतिरिक्त क्रियाकलापमा सहभागिता जस्ता पक्षहरुको आधारमा रहेर समेत विद्यार्थीको मूल्याङ्कन गर्नुपर्दछ । जसलाई निरन्तर मूल्याङ्कन अन्तर्गत विद्यार्थी उपलब्धि विवरणमा अङ्कभार समेत कायम गरी समावेश गर्नुपर्दछ। अध्ययन गरिएका विद्यालयको परीक्षा प्रणालीमा निरन्तर मूल्याङ्कनको पक्ष समावेश नगरी विद्यार्थी उपलब्धि तयार गर्ने गरेको पाइयो ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयहरुमा लिखित परीक्षा मात्र गर्ने गरेको तथा निरन्तर मूल्याङ्कनको पक्षलाई विद्यार्थी उपलब्धि विवरणमा समावेश नगरेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.६ शिक्षक नियुक्ति प्रक्रियाको अवस्था

विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नको लागि शिक्षकको व्यवस्था गरिएको हुन्छ। शिक्षा नियमावली अनुसार तोकिएको योग्यता भएका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गरेर शैक्षिक गुणस्तर कायम राख्नुपर्दछ।

अध्ययन गरिएका विद्यालयहरुमा शिक्षक नियुक्ति प्रक्रियाको अवस्थालाई व्याख्या तथा विश्लेषण गर्दा अनुसूची ७ मा उल्लेखित प्रश्नावलीका आधारमा अन्तरवार्ताको क्रममा प्र.अ.ले बताउनु भए अनुसार गुरुकुल मा.वि. र भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.मा आवश्यक शिक्षकको पद पूर्ति गर्न सम्बन्धित विषयका लागि ब्यक्तिगत सम्पर्कका आधारमा योग्यता पुरा गरेका व्यक्तिको प्रमाणपत्रहरु जाच गरी व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार शिक्षकको अस्थायी नियुक्ति गर्ने गरेको पाइयो। यसैगरी भानु मेमोरियल अङ्ग्रेजी मा.वि.मा पनि आवश्यक शिक्षक पदपूर्ति गर्न ब्यक्तिगत सम्पर्कका आधारबाट नै सम्बन्धित विषयमा योग्यता पुरा गरेका ब्यक्तिलाई प्रमाणपत्र हेरी नियुक्ति गर्ने गरेको पाइयो। तर आवश्यक विषयमा कोही ब्यक्ति पनि सम्पर्कमा नआएको खण्डमा भने खुला विज्ञापन प्रकाशन गर्ने गरेको र प्राप्त निबेदनहरु र प्रमाणपत्रहरु जाच गरी सम्बन्धित विषयका बिशेषज्ञ सहितको शिक्षक छनौट समिति निर्माण गरी उक्त छनौट समितिले लिखित तथा मौखिक परीक्षा लिई सफल हुने ब्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको निर्णयबाट शिक्षकको अस्थायी नियुक्ति गर्ने गरेको कुरा अन्तरवार्ताको क्रममा भानु मेमोरियल अङ्ग्रेजी मा.वि.का प्र.अ.ले बताउनु भएको छ।

तसर्थ नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका संस्थागत विद्यालयहरुमा आवश्यक शिक्षकको पदपूर्ति ब्यक्तिगत सम्पर्कका आधारमा नियुक्ति गर्ने गरेको, यसरी कोही ब्यक्ति सम्पर्कमा नआएको खण्डमा मात्र विज्ञापन गरी शिक्षक नियुक्ति गर्ने गरेको र शिक्षकको स्थायी नियुक्तिको व्यवस्था नगरेको हुँदा शिक्षक नियुक्ति प्रक्रियामा सुधार गर्नु पर्ने अवस्था रहेको निष्कर्षमा पुग्न सकिन्छ।

## ४.२.७ शिक्षक तालिमको अवस्था

शिक्षाको निर्धारित लक्ष्य तथा उद्देश्य सफलतापूर्वक हासिल गर्नका लागि दक्ष तथा कुशल शिक्षकको आवश्यकता पर्दछ। शैक्षिक पाठ्यक्रम निरन्तर परिवर्तन भइरहने हुँदा शिक्षकलाई शिक्षण गर्ने तौर तरिका, प्रक्रिया, पद्धति, प्रविधिको बारेमा ज्ञान दिलाउन परिवर्तित परिवेशको समायोजन गरी आवश्यक ज्ञान, सिप, र दक्षता हासिल गराउन शिक्षक तालिमको व्यवस्था आवश्यक हुन्छ। शैक्षिक क्षेत्रमा भएका आमूल परिवर्तन, विकास र विस्तारमा समायोजन गर्नका लागि पनि तालिम अपरिहार्य भैसकेको छ। त्यसरी नै शिक्षकले तालिममा हासिल गरेका ज्ञान, सिप र दक्षतालाई कक्षा शिक्षणमा प्रयोग गर्नुपर्दछ।

अध्ययन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुको शिक्षक तालिमको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १७ : तालिम प्राप्त शिक्षकहरुको अवस्था


| क.सं. | विद्यालयको नाम | जम्मा शिक्षक | तालिम प्राप्त शिक्षक | प्रतिशत |
|---|---|---|---|---|
| १ | गुरुकुल मा. वि., बिराटनगर | १५ | ३ | २०% |
| २ | भानु मेमोरियल अङ्ग्रेजी मा.वि.,बेलबारी | १७ | ९ | ५२.९% |
| ३ | भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.,पथरी | २० | ५ | २५% |
| जम्मा | | ५२ | १७ | ३२.७ % |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार नमुनामा परेका विद्यालयहरुमध्ये गुरुकुल मा.वि.मा जम्मा १५ जना शिक्षकहरुमध्ये ३ जना शिक्षक तालिम प्राप्त, भानु मेमोरियल अं.मा.वि.मा जम्मा १७ जना शिक्षकहरुमध्ये ९ जना शिक्षक तालिम प्राप्त र भु.पू. सैनिक अं.मा.वि.मा जम्मा २० जना शिक्षकहरुमध्ये ५ जना शिक्षकमध्ये तालिम प्राप्त रहेका पाइयो । अध्ययन गरिएका विद्यालयहरुका जम्मा शिक्षकहरु ५२ जनामध्ये १७ जना शिक्षक मात्र तालिम प्राप्त रहेका पाइयो, जुन ३२.७ प्रतिशत मात्र हुन जान्छ ।

माथिको तालिकालाई बहुस्तम्भ रेखाचित्रमा यसरी प्रस्तुत गरिएको छ ।

चित्र ३ : तालिम प्राप्त शिक्षकहरुको अवस्था




स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको बहुस्तम्भ रेखाचित्रका आधारमा विश्लेषण गर्दा अवलोकन गरिएका विद्यालयहरुमध्ये गुरुकुल मा.वि.मा २० प्रतिशत शिक्षक, भानु मेमोरियल अं.मा.वि.मा ५२.९ प्रतिशत शिक्षक र भू.पू.सैनिक अं.मा.वि.मा २५ प्रतिशत शिक्षक तालिम प्राप्त रहेका पाइयो । जुन जम्मा शिक्षकहरुको ३२.७ प्रतिशत शिक्षकहरु तालिम प्राप्त रहेका पाइयो ।

उपयुक्त शिक्षकको छनोट पश्चात् शिक्षकको पेशागत दक्षता तथा क्षमता अभिवृद्धि आवश्यक हुन्छ। शिक्षकको क्षमता बढाउन, कार्यदक्षता बढाउन विभिन्न किसिमका सेवाकालीन, पूर्व सेवाकालीन तथा पुनर्ताजगी तालिमको व्यवस्था गर्न सकिन्छ (काफ्ले, श्रेष्ठ र सिन्हा, २०६४) । विद्यालयमा शिक्षण गर्न नियुक्ति पाएका शिक्षकलाई सिप विकास तथा दक्षता विकासको लागि समय समयमा तालिम दिइरहनु पर्दछ। विद्यालयको पाठ्यक्रम परिवर्तनशील भएको हुँदा निरन्तर रुपमा पाठ्यक्रम परिमार्जन भइरहन्छ । परिवर्तित पाठ्यक्रममा नया विषयवस्तु समावेश गरिएको हुन्छ । नया प्रविधिको विकास अनुसार दक्ष जनशक्ति उत्पादन गर्न शिक्षाको मुख्य लक्ष्य रहेको हुन्छ। तसर्थ समय सापेक्ष विषयवस्तु शिक्षण गर्नको लागि शिक्षकलाई विभिन्न गोष्ठि, सेमिनार तथा पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्दछ। सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुमा शिक्षकहरुलाई तालिम दिने संस्थाको अभाव देखिन्छ ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयका शिक्षकहरुलाई तालिमको अभाव रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.८ सिकाइ उपलब्धिको अवस्था

विद्यालयमा गरिएको सम्पूर्ण लगानीको प्रतिफल नै सिकाइ उपलब्धि हासिल हुनु हो । विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि विद्यालयमा विविध पक्षको व्यवस्थापन गरिएको हुन्छ। लक्ष्य अनुसार सिकाइ उपलब्धि हासिल हुन नसकेको खण्डमा विद्यालयको व्यवस्थापनमा सुधार गर्नुपर्दछ । यसरी विद्यालयमा हासिल गराउन खोजिएको सिकाइ उपलब्धि विषयगत, कक्षागत र तहगत रुपमा मापन गर्न सकिन्छ ।

अध्ययन गरिएका विद्यालयहरुमा कक्षागत सिकाइ उपलब्धिको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १८ : कक्षागत सिकाइ उपलब्धिको अवस्था

| क्र.सं. | विद्यालयको नाम | बाल कक्षा | कक्षा-१ | कक्षा-२ | कक्षा-३ | कक्षा-४ | कक्षा-५ | कक्षा-६ | कक्षा-७ | कक्षा-८ | कक्षा-९ | कक्षा-१० | जम्मा | औसत उपलब्धि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गुरुकुल | ७६ | ७१ | ६५ | ५७ | ५६ | ५६ | ५३ | ५६ | ५६ | ५५ | ५८ | ६५९ | ५९.९ |
| २ | भानु मे. | ७० | ६९ | ६४ | ५८ | ५६ | ५४ | ५६ | ५७ | ५४ | ५५ | ६० | ६५३ | ५९.४ |
| ३ | भू.पू.सै. | ७० | ६५ | ६० | ५६ | ५७ | ५४ | ५७ | ५३ | ५५ | ५६ | ६१ | ६४४ | ५८.५ |
| | जम्मा | २१६ | २०५ | १८९ | १७१ | १६९ | १६४ | १६६ | १६६ | १६५ | १६६ | १७९ | १९५६ | ५९.३ |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार अध्ययन गरिएका विद्यालयहरुमा विद्यार्थीहरुले प्राप्त गर्न सकेका सिकाइ उपलब्धि माथिल्ला कक्षाहरुमा तल्ला कक्षाहरुको तुलनामा कम हासिल भएको पाइयो । वालकक्षामा गुरुकुल मा.वि.को सि.उ. ७६, भानु मेमोरियल अं.मा.वि.को ७० र भू.पू.सैनिक अं.मा.वि. को ७० रहेको पाइयो । कक्षा ५ का विद्यार्थीहरुले प्राप्त गरेका सि.उ. गुरुकुल मा.वि.मा ५६, भानु मेमोरियल अं.मा.वि.मा ५४ र भू.पू.सैनिक अं.मा.वि.मा ५४ हासिल हुन सकेको पाइयो । कक्षा ८ का विद्यार्थीहरुले प्राप्त गरेका सि.उ. गुरुकुल मा.वि.मा ५६, भानु मेमोरियल मा.वि. मा ५४ र भू.पू.सैनिक मा.वि.मा ५५ रहेको पाइयो । त्यस्तै कक्षा १० मा गुरुकुल मा.वि.मा ५८, भानु मेमोरियल मा.वि.मा ६० र भू.पू.सैनिक मा.वि.मा ६१ सि.उ. प्राप्त हुन सकेको पाइयो । वालकक्षा देखी १० कक्षासम्मको औसत सि.उ. गुरुकुल मा.वि.मा ५९.९, भानु मेमोरियल मा.वि.मा ५९.४ र भू.पू. सैनिक मा.वि.मा ५८.५ प्राप्त हुन सकेको पाइयो । अध्ययन गरिएका विद्यालयहरुले प्राप्त गर्न सकेका औसत सिकाइ उपलब्धि ५९.३ रहेको पाइयो ।

विद्यालयमा विभिन्न भौतिक सुविधा, शैक्षिक पक्ष र मानवीय संसाधनको लगानी गरिएको हुन्छ । विद्यालयमा गरिएको सम्पूर्ण लगानीको लक्ष्य विद्यार्थीहरुलाई सिकाइ उपलब्धि हासिल गराउनु हो । तोकिएका सबै सिकाइ उपलब्धि एक शैक्षिक सत्रभरिमा हासिल गराइ सक्नु पर्दछ । विद्यालयमा गरिएको सम्पूर्ण लगानीको प्रतिफल नै विद्यार्थीले प्राप्त गर्न सकेको सिकाइ उपलब्धि भएको हुँदा प्राप्त सिकाइ उपलब्धिको लेखाजोखा गरेर विद्यालयको व्यवस्थापनमा सुधार गर्नुपर्दछ । कुन विषयको तथा कुन कक्षाको सिकाइ उपलब्धि कम हासिल भएको छ विश्लेषण गरेर त्यसमा वृद्धि गर्नका लागि कुन कुन पक्षमा के कस्तो सुधार गर्नुपर्ने हो त्यसमा सुधार गर्नु पर्दछ । प्राप्त सिकाइ उपलब्धिलाई आधार मानेर शिक्षण सिकाइ क्रियाकलापमा के कस्तो सुधार गर्नु पर्ने हो निष्कर्षमा पुग्न सहयोग पुग्दछ ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका विद्यालयको सिकाइ उपलब्धिको अवस्था सामान्य रहेको र सिकाइ उपलब्धि वृद्धि गर्नु पर्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.२.९ कक्षा शिक्षणको निरीक्षण, अवलोकन तथा मूल्याङ्कनको अवस्था

विद्यलयमा खासगरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ। शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्दछ। उक्त क्रियाकलाप सञ्चालन गरेको समयमा निरन्तर निरीक्षण, अवलोकन र मूल्याङ्कन गर्नु जरुरी हुन्छ। शिक्षण क्रियाकलापको निरीक्षण, मूल्याङ्कन पश्चात् पृष्ठपोषणको माध्यमबाट सुधार गर्न सकिन्छ ।

अध्ययन गरिएका विद्यालयहरुमा निरीक्षण, अवलोकन तथा मूल्याङ्कन व्यवस्थापनको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १९ : निरीक्षण, अवलोकन तथा मूल्याङ्कनको अवस्था

| क्र.सं. | विद्यालयको नाम | निरीक्षण, अवलोकन तथा मुल्याङ्कनको अवस्था |
|---|---|---|
| १ | गुरुकुल मा. वि., बिराटनगर | प्र.अ., वि. व्य.स. अध्यक्षबाट |
| २ | भानु मेमोरियल अङ्ग्रेजी मा.वि.,बेलबारी | प्र.अ., वि. व्य.स. अध्यक्षबाट |
| ३ | भू.पू. सैनिक अङ्ग्रेजी मा.वि.,पथरी | प्र.अ., अनुगमन समितिबाट |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिकालाई विश्लेषण गर्दा विद्यालयको शिक्षण सिकाइ क्रियाकलापको निरीक्षण तथा मूल्याङ्कन गुरुकुल मा.वि.र भानु मेमोरियल मा.वि. मा प्र.अ. र वि.व्य.स. अध्यक्षबाट हुने गरेको पाइयो । त्यसैगरी विद्यालयको शैक्षिक, भौतिक तथा अन्य पक्षहरुको निरीक्षण र मूल्याङ्कन गर्नको लागि भू.पू.सै.मा.वि. मा अनुगमन समिति निर्माण गरी उक्त समितिमार्फत निरीक्षण, मूल्याङ्कन गर्ने गरेको पाइयो ।

शिक्षा प्रणालीका के कस्ता कार्यक्रमहरु छन् ती सबै कार्यक्रमहरुलाई सञ्चालन गर्न सकिने खालको व्यवस्थापन हुनु पर्दछ। समय समयमा शैक्षिक प्रणालीभित्रका र बाहिरका व्यक्तिहरुद्वारा निरीक्षण तथा मूल्याङ्कन गरिनु पर्दछ (शर्मा र शर्मा, २०६७)।

विद्यालयमा मुख्य रुपमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ । शिक्षण गरिने उद्देश्य, शिक्षण गर्दा अपनाउनु पर्ने शिक्षण विधि, शिक्षण गर्दा प्रयोग गर्न सकिने शैक्षिक सामग्री, शिक्षण गरिरहेको समयमा उद्देश्य पुरा भए नभएकोमा गरिने मूल्याङ्कन जस्ता महत्वपूर्ण पक्षहरुमा शिक्षकको दक्षता, कुशलता र सक्रियतामा भर पर्दछ । शिक्षक दक्ष भए पनि शिक्षण सिकाइ क्रियाकलापमा उसको दक्षतालाई प्रयोग गरेको छ छैन, उपयुक्त शैक्षिक सामग्री प्रयोग गरेको छ छैन, उद्देश्य पुरा गर्ने खालको शिक्षण विधि प्रयोग भएको छ छैन, विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन  कसरी गरिरहेको छ जस्ता मूलभूत पक्षको निरीक्षण अवलोकन र मूल्याङ्कन आवश्यक हुन्छ । निरीक्षण, अवलोकन, र मूल्याङ्कन पश्चात् शिक्षकलाई पृष्ठपोषण गर्नुपर्दछ । यसको लागि विद्यालयमा नियमित रुपमा प्रधानाध्यापकले कक्षा शिक्षणको निरीक्षण, अवलोकन तथा पृष्ठपोषण दिनुपर्दछ । अध्ययन गरिएका विद्यालयमा प्रधानाध्यापकले नगण्य रुपमा कक्षाशिक्षणको अवलोकन, निरीक्षण तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने गरेको पाइयो । स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकको विद्यालयमा उपस्थिति नै नभएको पाइयो । वि.व्य.स. अध्यक्षबाट तथा अनुगमन समितिबाट भौतिक पक्षमा केन्द्रित रही निरीक्षण, अवलोकन, मूल्याङ्कन गर्ने गरेको र कक्षा शिक्षणको निरीक्षण, अवलोकन तथा मूल्याङ्कन कहिलेकाहीं मात्र गर्ने गरेको पाइयो ।

नमुनामा परेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयमा कक्षा निरीक्षण, अवलोकन तथा मूल्याङ्कनको अवस्था  सन्तोषजनक  नभएको  निष्कर्षमा  पुग्न सकिन्छ ।

## ४.३ विद्यालयका शैक्षिक तथा भौतिक पक्षका समस्याहरु

विद्यालयका वालवालिकाहरुमा सामाजिक, बौद्धिक, शारीरिक र संवेगात्मक पक्षको विकास गरी राष्ट्रका निमित्त दक्ष जनशक्ति बन्ने बालबालिकाहरुको हकहित एवं अधिकारको संरक्षण र सम्वर्द्धन गर्न तथा वातावरणसँग सामञ्जस्य गर्न उद्देश्य अनुरुप पाठ्यक्रम तयार भए पनि पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि हासिल गराउन विद्यालयमा भौतिक तथा शैक्षिक पक्षको व्यवस्थापन गर्न त्यति सजिलो छैन । विभिन्न समस्याहरुसँग संघर्ष गर्दै पनि अध्ययन गरिएका विद्यालयहरु सञ्चालन गरेको पाइयो । स्थलगत अध्ययन गर्ने क्रममा र्सावजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुका छनौटमा परेका शिक्षक, गुठीयार तथा प्र.अ., वि.व्य.स. अध्यक्ष र शि.अ. संघका अध्यक्षसँग भौतिक तथा शैक्षिक गतिविधिको अन्तरवार्ता र अध्ययनका आधारमा विद्यालयका भौतिक तथा शैक्षिक पक्षका समस्याहरुको खोजी गरिएको छ ।

विद्यालयहरुमा जि.शि.का.बाट भौतिक निर्माणका लागि सहयोग नहुनु, सरकारी पक्षबाट सञ्चालन भएका शैक्षिक कार्यक्रमहरुको जानकारी हुन नसक्नु, जि.शि.का.बाट नियमित अनुदान उपलब्ध नहुनु, विद्यालय सेवा क्षेत्रभित्रका बुद्धिजीवी, विभिन्न संघसंस्था, राजनैतिक व्यक्तित्वहरु आदिबाट विद्यालयप्रति चासो नदेखाउनु, विद्यालयमा गरिएको लगानीबाट नाफा लिन नपाउने भएको हुँदा विद्यालयमा लगानी गर्न विभिन्न व्यक्तिहरुले चासो नदेखाउनु, विद्यालयको आर्थिक अवस्था मजबुत हुन नसक्नु, विद्यालयमा प्रयोगशाला र पुस्तकालयको व्यवस्था हुन नसक्नु, विद्यालयमा पर्याप्त खेलमैदानको व्यवस्था नहुनु, सवारीका साधन पार्किङ्ग गर्ने पार्किङ्ग स्थलको व्यवस्था नहुनु, विद्यालयमा फूलबारी बगैंचा निर्माण तथा वृक्षारोपण नगर्नु जस्ता भौतिक पक्षका समस्याहरु रहेका छन् । त्यसैगरी विद्यालयका शैक्षिक पक्षको व्यवस्थापनका समस्याहरुमा शिक्षकलाई तालिमको व्यवस्था गर्न नसक्नु, पर्याप्त शैक्षिक सामग्रीहरुको व्यवस्था गर्न नसक्नु, शिक्षकहरुका लागि सेवा सुविधा वृद्धि गर्न नसक्नु तथा विद्यार्थीहरुका लागि छात्रबृत्ति, पुरस्कार, अर्धशुल्क, निःशुल्क जस्ता प्रोत्साहन कार्यक्रमहरुको प्रभावकारी ढंगले लागु गर्न नसक्नु, शिक्षक नियुक्तिका लागि खुल्ला प्रतिस्पर्धाको माध्यमबाट छनोट गर्न नसक्नु, जि.शि.का.तथा स्रोतकेन्द्रबाट कक्षा शिक्षणको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन नगर्नु, विद्यालयले शैक्षणिक योजनाहरु निर्माण गर्न नसक्नु, शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीहरु प्रयोग नगर्नु र विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न नसक्नु जस्ता शैक्षिक पक्षका समस्याहरु रहेका छन् ।

## ४.४ विद्यालयका भौतिक तथा शैक्षिक पक्षमा सुधार गर्न सकिने उपायहरु

विद्यालयको समग्र भौतिक पक्षलाई सुदृढ नगरी तथा शैक्षिक पक्षको प्रभावकारी ढंगले व्यवस्थापन नगरी विद्यालयमा सिकाइ उपलब्धि वृद्धि गर्न सकिदैन । सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका संस्थागत विद्यालयहरुमा भौतिक तथा शैक्षिक पक्षका समस्याहरु प्रशस्त रहेका छन् । यस्ता समस्याहरुलाई हटाई विद्यालयमा सहज, सरल, तथा उपयुक्त वातावरणको सृजना गरेर विद्यार्थीहरुलाई सक्रिय सिकाइमा सहभागी गराउन उत्प्रेरित गर्नुपर्दछ । अध्ययनको क्रममा संलग्न वि.व्य.स.अध्यक्ष, शि.अ.संघ अध्यक्ष, गुठीयार, प्र.अ., तथा शिक्षक समेतका विचारका आधारमा समस्या समधानका निम्न अनुसारका उपायहरु अवलम्बन गर्न सकिने देखिन्छ ।

विद्यालयहरुमा भौतिक सुविधाहरुको समुचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । विद्यालय सेवा क्षेत्रका अभिभावकहरुलाई विभिन्न गोष्ठी तथा सेमिनारको माध्यमबाट जनचेतना अभिवृद्धि गरी विद्यालयप्रतिको जिम्मेवारी बोध हुने गरी स्थानीय स्रोत र साधनको सदुपयोग गर्नुपर्ने

हुन्छ। विद्यालयमा भौतिक सुविधा बिस्तार गर्नको लागि विद्यालय आसपासका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, बुद्धिजीवी, समाजसेवी, राजनीतिक व्यक्तित्वहरु, समाजका अगुवाव्यक्तिहरुसँग अनुरोध गरी विद्यालयका लागि लगानी वृद्धि गर्नुपर्ने हुन्छ। यसरी सबै पक्षको समर्थन र सहयोगमा विद्यालयमा अभाव रहेको भौतिक अवस्थालाई सक्षम बनाउन सकिने कुरा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुले उल्लेख गरेका छन् ।

विद्यालयहरुमा भौतिक सुविधा वृद्धि गर्न स्थानीय निकायहरुका साथै जिल्ला शिक्षा कार्यालयबाट नियमित अनुदानको व्यवस्था गरिएमा विद्यालयको भौतिक पक्षको विकास गर्न सकिन्छ। शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन स्रोतकेन्द्र तथा जि.शि.का. बाट तालिम दिने व्यवस्था गरिएमा सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयहरुको शैक्षिक विकास गर्न सकिने कुरा विद्यालयका प्र.अ.हरुले उल्लेख गरेका छन् ।

विद्यार्थीहरुलाई सहजरुपमा विज्ञान विषयको प्रयोग गर्न तथा गराउन छुट्टै प्रयोगशालाको व्यवस्था गरिनु पर्ने, शिक्षण गरिने विषयवस्तुसँग सम्बन्धित पाठ्यपुस्तकहरु अध्ययन गर्न गराउन छुट्टै पुस्तकालयको व्यवस्था गरिनुपर्ने, प्रभावकारी शिक्षण गर्न तालिमको व्यवस्था गरिनु पर्ने, शैक्षिक सामग्रीहरुको पर्याप्त मात्रामा व्यवस्था गरिनु पर्ने तथा विद्यालयको आर्थिक स्रोतहरुको पहिचान गरी शिक्षक कर्मचारीहरुको सेवा सुविधा सरकारी शिक्षकहरु सरह हुनेगरी वृद्धि गरिनुपर्ने कुरा विद्यालयका शिक्षकहरुले उल्लेख गरेका छन् ।

विद्यालयको भौतिक पक्षको विकास गर्नको लागि गुठीको रकम वृद्धि गर्नुपर्ने, गठीयारहरुको संख्या वृद्धि गर्नुपर्ने, आयमुलक कार्यमा लगानी गर्नुपर्ने, शिक्षाप्रेमी, समाजसेवी, संघसंस्थाहरुसँग विद्यालयमा लगानी गर्न प्रोत्त्साहन गर्न सकिन्छ। यसरी विद्यालयको आर्थिक अवस्थालाई सवल र सक्षम बनाई विद्यालयमा भौतिक सुविधाहरु वृद्धि गर्न तथा शैक्षिक पक्षको विकास गर्न सकिने कुरा सार्वजनिक शैक्षिक गुठीका गुठीयारहरुले उल्लेख गरेका छन् ।

विद्यालयमा विद्यार्थीहरुलाई आकर्षित गर्नका लागि छात्रवृत्ति, पुरस्कार, अर्धशुल्क, निःशुल्क जस्ता विभिन्न सुविधाहरुमा वृद्धि गर्न सकिन्छ। विद्यालयको भौतिक पक्षमा सुधार गर्न सम्बन्धित सरकारी निकायसँग प्रस्ताव पेश गरेर लगानी वृद्धि गर्न सकिन्छ। आर्थिक पक्षलाई पारदर्शी बनाउन नियमित रुपमा लेखापरीक्षण गराई सम्पूर्ण अभिभावकहरुलाई वर्षमा एकपटक जानकारी गराउन सकिन्छ। विद्यालय व्यवस्थापन समितिबाट निर्णय भएका कार्यक्रमहरुलाई समयमै कार्यान्वयन गर्नुपर्ने जस्ता कुराहरु शिक्षक अभिभावक संघका अध्यक्षहरुले उल्लेख गरेका छन् ।

कार्यरत शिक्षकहरुलाई स्थायी गर्ने सर्तमा सरकारी लगानी सहित विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य सरकारले जिम्मा लिएमा विद्यालयको भौतिक तथा शैक्षिक पक्षमा विकास हुने कुरा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुले उल्लेख गरेका छन् ।

शिक्षण सिकाइ क्रियाकलापको निरीक्षण, अवलोकन तथा मूल्याङ्कन गरी सुझाव तथा सल्लाह दिने कार्य स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयबाट हुने गरेमा विद्यालयमा सिकाइ उपलब्धि वृद्धि गर्ने कार्यमा सहयोग पुग्दछ । यसरी नै शिक्षकहरुलाई शैक्षिक सामाग्री सङ्कलन तथा निर्माण सम्बन्धी सिपमूलक तालिम प्रदान गर्न विद्यालय व्यवस्थापन समितिले जि.शि.का. तथा स्रोतकेन्द्रसँग समन्वय गरी व्यवस्था मिलाउनु पर्ने कुरा प्र.अ.बाट उल्लेख गरिएको पाइन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

मोरङ जिल्लामा रहेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत ३ वटा विद्यालयहरुको व्यवस्थापनको प्रभावकारीता अध्ययन गरिएको थियो । यी विद्यालयहरुको अध्ययनका क्रममा सङ्कलित सुचना एवं तथ्याङ्कहरुको विश्लेषणका आधारमा प्राप्त भएका मुख्य प्राप्तिहरुलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

## ५.१ प्राप्ति

अध्ययन गरिएका ३ वटा विद्यालयहरुको आधारमा विद्यार्थीहरुको सिकाइलाई सकारात्मक प्रभाव पार्न सक्ने सुविधाको हिसाबले विद्यालय भवनहरुको सामान्य अवस्था रहेको पाइयो । निर्माण गरिएका भवनहरुमा रङ्ग रोगन गर्नुपर्ने आवश्यकता देखियो ।

विद्यालयका कक्षाकोठाहरुको संख्या विद्यार्थी संख्याको अनुपातमा सामान्य अवस्थामा रहेको पाइयो । कुनै विद्यालयमा केही कक्षाकोठा सानो आकारमा निर्माण भएका र अब निर्माण हुने कोठाहरुमा आकार वृद्धि गरी निर्माण गर्नु पर्ने देखियो । विद्यालयमा पक्की भवनहरु उल्लेख्य मात्रामा निर्माण गरेको पाइयो । विद्यालयमा खानेपानीको व्यवस्था गर्न २ वटा विद्यालयमा ट्युवेलबाट पानी तान्ने पम्पको सहयाताले ट्याङ्कीसम्म पुऱ्याइएको र ट्याङ्कीबाट खानेपानी तथा शौचालयसम्म वितरण गरेको पाइयो । प्रत्येक विद्यार्थीलाई खानेपानीको सुविधाको लागि कक्षाकोठाको अनुपातमा वृद्धि गर्नुपर्ने देखियो । शिक्षक तथा विद्यार्थीहरुका लागि छुट्टाछुट्टै पक्की शौचालयको व्यवस्था गरेको पाइयो । शौचालयमा ब्रस, हर्पिक्स र साबुन पर्याप्त राख्नुपर्ने देखियो ।

विद्यालयको खेलमैदान १ विद्यालयमा पर्याप्त, १ विद्यालयमा ठिकै र १ विद्यालयमा अपर्याप्त अवस्थामा रहेको पाइयो तथा २ विद्यालयमा कम्पाउण्ड घेराबारा गेट सहित पक्की अवस्थामा रहेको र १ विद्यालयमा तारबारको घेराबारा र कच्ची गेट रहेको पाइयो । विद्यालयमा व्यवस्थित पुस्तकालय नरहेको तथा छुट्टै प्रयोगशाला नरहेको पाइयो । प्रत्येक विद्यालयमा विद्युतीकरणको साथै विद्यार्थीहरुलाई कम्प्युटर शिक्षा दिनको लागि समेत कम्प्युटरको व्यवस्था गरेको पाइयो । विद्यालयमा कम्पाउण्ड भित्र फूलबारी, बगैंचा, निर्माण नगरेको तथा वृक्षारोपण नगण्य मात्रामा गरेको पाइयो । विद्यालयमा फर्निचरहरु विद्यार्थी संख्याको अनुपातका आधारमा निर्माण गरेको पाइयो । छात्रावास रहेको विद्यालयमा छात्रावासका सुविधाहरु वार्डेन, परिचर, पढ्ने सुविधा तथा क्यान्टिनको समेत व्यवस्था गरेको पाइयो । भौतिक

सुविधाहरुको संरक्षणका लागि कर्मचारीको व्यवस्था गरी कर्मचारीलाई दिनरात सुरक्षा गर्न बसोवासको समेत व्यवस्था गरेको पाइयो । विद्यालयमा दिवा खाजाको लागि चमेनागृहको व्यवस्था गरेको पाइयो तर बसोबासको अवस्थालाई सुधार गर्नुपर्ने पाइयो । विद्यालयमा आउने सवारी साधनहरु सुरक्षित र व्यवस्थित रुपमा राख्नको लागि पार्किङ्गको व्यवस्था नगरेको पाइयो ।

विद्यालयमा निर्माण गरिने शैक्षिक योजनाहरुमा वार्षिक कार्यतालिका र दैनिक कक्षातालिका जस्ता योजनाहरु निर्माण गरी कार्यान्वयन गर्ने गरेको पाइयो भने वार्षिक कार्ययोजना , एकाई योजना र दैनिक पाठयोजना निर्माण नगरी शिक्षण गर्ने गरेको पाइयो । शिक्षण क्रियाकलापमा प्रयोग गरिने शैक्षिक सामाग्रीहरु अत्यन्तै न्यून संख्यामा रहेको पाइयो तथा भएका शैक्षिक सामग्रीलाई पनि व्यवस्थित रुपमा नराखिएको पाइयो । कक्षाकोठामा डस्टबिन तथा डस्टप्यानको व्यवस्था नगरेको र फर्निचर रखाइमा U आकार, V आकार जस्ता नया तरिका नअपनाइएको पाइयो । विद्यालयमा अतिरिक्त क्रियाकलाप अन्तर्गत सदन विभाजन गरी हाजिरीजवाफ, वादविवाद, हिज्जे प्रतियोगिता, वक्तृत्वकला, विभिन्न खेलकुद प्रतियोगिता, नृत्य तथा गायन प्रतियोगिताहरु सञ्चालन गर्ने गरेको पाइयो । परीक्षा सञ्चालन ४ चरणमा गरी ती परीक्षाहरुको प्राप्ताङ्कहरु जम्मा गरी अन्तिम उपलब्धि निकाल्ने गरेको पाइयो भने विद्यार्थीको निरन्तर मूल्याङ्कन अन्तर्गतका पक्षहरुलाई विद्यार्थी उपलब्धिमा समावेश नगरेको पाइयो । विद्यालयमा आवश्यक शिक्षक नियुक्ति सम्पर्कका आधारमा गर्ने गरेको र आवश्यकता भन्दा बढी व्यक्तिहरु सम्पर्कमा आएको अवस्थामा विज्ञापन प्रकाशन गरी शिक्षक छनोटमा परेका व्यक्तिलाई शिक्षकको नियुक्ति गरेको पाइयो । विद्यालयको कक्षागत सिकाइ उपलब्धिको औसत उपलब्धि ५९.२ रहेको पाइयो । विद्यालयमा कक्षाशिक्षणको निरीक्षण, अवलोकन तथा मूल्याङ्कन प्र.अ., वि.व्य.स. अध्यक्ष तथा अनुगमन समितिबाट कहिलेकाहीँ मात्र गर्ने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

प्रस्तुत शिर्षकको अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कहरु, प्रतिक्रियाहरु, सुझावहरु तथा अन्य जानकारीहरुको विश्लेषण तथा व्याख्याबाट केही निष्कर्ष निकालिएको छ । यो अध्ययन मोरङ जिल्लाका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुमा मात्र सिमित रहेको हुँदा प्राप्त निष्कर्षहरु राष्ट्रिय रुपमा प्रतिनिधित्व गर्ने खालका नहुन सक्छन् । यस अध्ययनका निष्कर्षहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

अध्ययन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुको भौतिक अवस्थामा भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय तथा घेराबाराको अवस्था हेर्दा विद्यालयहरु आर्थिक रुपले सक्षम नदेखिए पनि विद्यार्थीहरुको सुरक्षाको लागि आधारभूत भौतिक सुविधाको उपयुक्त ढंगले व्यवस्थापन गरिएको देखिन्छ । समयको माग बमोजिम बदलिदो परिस्थिती अनुरुप कम्प्युटरको व्यवस्था गरी विद्यार्थीहरुलाई कम्प्युटरको आधारभूत शिक्षा प्रदान गर्ने गरेको देखिन्छ । विद्यालयमा जग्गाको अभावका कारण केही विद्यालयहरुमा खेलमैदान पर्याप्त हुन नसकेको देखिन्छ भने विद्यालयमा रहदा शिक्षक तथा विद्यार्थीलाईं चिया तथा खाजाको लागि चमेनागृहको व्यवस्था गरेको देखिन्छ । विद्यालयमा आर्थिक अभावको कारणले गर्दा पुस्तकालय तथा प्रयोगशालालाई छुट्टै भवन तथा कोठाहरुमा व्यवस्थित गर्न सकेको देखिदैन। विद्यालयमा रहेका सम्पूर्ण भौतिक सुविधाहरुको सुरक्षाको लागि पाले कर्मचारीको समेत व्यवस्थापन गरेको देदिन्छ भने सवारी साधन पार्किङ्गस्थललाई व्यवस्थित गर्न नसकेको देखिन्छ। छात्राबासको व्यवस्था गर्न धैरैजसो विद्यालयहरुले नसकेको देखिन्छ।

अध्ययन गरिएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयहरुको शैक्षिक अवस्थामा अतिरिक्त क्रियाकलाप अन्तरगतका धेरैंजसो क्रियाकलापहरु सञ्चालन गर्न सकेको पाइन्छ। परीक्षा सञ्चालन प्रत्येक ३/३ महिनाको फरकमा गर्ने गरेको र सबै परीक्षाको प्राप्ताङ्कलाई जोडेर विद्यार्थी उपलब्धि विवरण तयार गर्ने गरिएको पाइन्छ । यी विद्यालयहरुमा अझै पनि निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीलाई अवलम्बन गर्न नसकेको पाइन्छ। योग्य तथा दक्ष शिक्षक छनौटका लागि विज्ञापन प्रकाशन गरी खुला प्रतिशपर्धाबाट शिक्षक नियुक्ति गर्न नसकेको देखिन्छ । जसले गर्दा विद्यालयहरुमा तालिम प्राप्त शिक्षकहरु ज्यादै न्यून संख्यामा पाइन्छ ।

शैक्षिक कार्यक्रमहरुलाई प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि विभिन्न शैक्षणिक योजनाहरु निर्माण गर्ने कार्यहरुमा दैनिक कक्षा तालिका र वार्षिक कार्य तालिका निर्माण गरी कार्यान्वयन गरिएको देखिन्छ भने शिक्षकहरुद्वारा निर्माण गरिने दैनिक पाठ योजना, एकाई योजना र वार्षिक कार्ययोजना निर्माण नगरी शिक्षण गरिएको पाइन्छ । शिक्षण सिकाईलाई प्रभावकारी बनाउने शैक्षिक सामग्रीहरु सङ्कलन, निर्माण तथा खरीद अत्यन्तै न्यून मात्रामा गरिएको तथा कक्षा शिक्षणमा यसको प्रयोग नगरेको देखिन्छ। जि.शि.का. तथा स्रोतकेन्द्रबाट कक्षा शिक्षणको अवलोकन, निरीक्षण तथा मुल्याङ्कन नगरिएको हुँदा विद्यार्थीहरुको सिकाई उपलब्धिको स्तर उच्च हुन नसकेको निष्कर्षमा पुग्न सकिन्छ।

## ५.३ सुझावहरु

मोरङ जिल्लामा रहेका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्थाको अध्ययनको निष्कर्षको आधारमा विद्यालयमा भौतिक तथा शैक्षिक पक्षको प्रभावकारी व्यवस्थापन गर्नका लागि निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

विद्यालयको नियमित निरीक्षण अनुगमन तथा मूल्याङ्कनको व्यवस्था स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयले गर्नु पर्ने निति निर्माण गर्नु पर्दछ। विद्यालयमा भौतिक संरचना निर्माण तथा मर्मतका लागि अनुदानको व्यवस्था गर्ने निति निर्माण गर्नु पर्दछ । प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन सम्वन्धी तालिम दिने नीति निर्माण गर्नु पर्दछ । विद्यालयका सवै शिक्षकहरुलाई पेशागत विकासका लागि सेवाकालीन तालिम दिने नीति अवलम्वन गर्नु पर्दछ ।

विद्यालय भवन तथा कक्षाकोठामा रङ्गरोगन गर्नु पर्दछ। विद्यालयमा खानेपानी विस्तार गर्नु पर्ने तथा शुद्ध खानेपानीको लागि फिल्टरको व्यवस्था गर्नु पर्दछ। शौचालय सरसफाइका लागि सावुन तथा हर्पिक्स र व्रसको व्यवस्था गर्नु पर्दछ।  खेलमैदानको पर्याप्त व्यवस्था गर्नु पर्दछ । पुस्तकालयका लागि सान्दर्भिक पुस्तक तथा पुस्तिकाहरुको पर्याप्त व्यवस्थापन गरी पुस्तकालयको छुट्टै व्यवस्थापन गर्नु पर्दछ । विद्युतीकरणको विस्तार गरी थप कम्प्युटरको व्यवस्था गर्नु पर्दछ। विद्यालयमा आवश्यक फूलबारी बगैंचाको व्यवस्था तथा वृक्षारोपण गर्नु पर्दछ । चमेनागृहमा वस्ने ठाउ सफा र व्यवस्थित गर्नु पर्दछ । विद्यालयमा पार्किङ्गस्थलको व्यवस्था गर्नु पर्दछ। विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ। प्रत्येक विषय शिक्षणका लागि शैक्षिक सामग्रीहरु सङ्कलन, निर्माण तथा खरिद गरी पुन प्रयोगमा ल्याउन सकिने गरी व्यवस्थापन गर्नुपर्दछ । कक्षाकोठामा नियमित सरसफाइ गनुपर्ने तथा कक्षाकोठामा डस्टविन र डस्टप्यानको व्यवस्था गर्नु पर्दछ। शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप गर्दा शैक्षिक सामग्री प्रयोग गर्नु पर्दछ । अतिरिक्त क्रियाकलाप साप्ताहिक रुपमा सञ्चालन गर्नु पर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अवलम्बन गर्नु पर्दछ । शिक्षक आवश्यकता पुरा गर्न विज्ञापन गरी प्रतिस्पर्धाबाट छनोट गरी नियुक्ति गर्नु पर्दछ । विद्यालयमा वर्षैपिच्छे शैक्षणिक योजना अन्तरगतका वार्षिक कार्ययोजना, एकाइ योजना निर्माण गरी दैनिक पाठ नोटको माध्यमबाट शिक्षकले शिक्षणको पूर्व तयारी गर्नु पर्दछ। विद्यालयको शैक्षिक तथा भौतिक पक्षको निरीक्षण, अवलोकन तथा मूल्याङ्कन वि.नि. तथा स्रोतव्यक्तिबाट गरीनु पर्दछ। प्रधानाध्यापकबाट कक्षाशिक्षणको प्रभावकारी ढंगबाट निरीक्षण, अवलोकन तथा मूल्याङ्कन गर्नु पर्दछ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी ढंगले सञ्चालन गरी सिकाइ उपलब्धि वृद्धि गर्नु पर्दछ ।

# सन्दर्भग्रन्थ सूची


शर्मा, गोपीनाथ (२०५७) *नेपालको शैक्षिक इतिहास,* काठमाण्डौ : लूम्बिनी पूस्तक भण्डार

भण्डारी,के.पी. (२०६७) *शिक्षा सम्बन्धि ऐन नियमहरु,* शिक्षा ऐन २०२८, काठमाण्डौ : बौद्धिक दर्पण प्रकाशन

नेपाल, दक्षमणि (२०६६) *प्राथमिक तहको छात्रवृत्तिले पुन प्रवेशमा पार्ने प्रभाव,* इन्द्रपुर : एम्. एड्. (अप्रकाशित शोधपत्र) सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर

शिक्षा विभाग (२०६३) *विद्यालय तह छात्रवृत्ति कार्यक्रमहरुको प्रभावकारीता माथि अध्ययन,* भक्तपुर : अनुसन्धान तथा शैक्षिक सुचना व्यवस्थापन शाखा

कोइराला, विद्यानाथ, श्रेष्ठ, चन्द्र बहादुर (२०६३) *शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार

निरौला, सुभाष (२०६३) *सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव,* ताहाचल : एम्.एड्., अप्रकाशित शोधपत्र

गड्तौला, तारा (२०६३) *सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव,* कीर्तिपूर : एम्.एड्.(अप्रकाशित शोधपत्र) केन्दिय क्याम्पस, कीर्तिपूर

बुढाथोकी, रविन्द्र (२०६४) *शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भुमिका,* ताहाचल : एम्.एड्. (अप्रकाशित शोधपत्र) महेन्द्ररत्न क्याम्पस, ताहाचल

खनाल, केदारप्रसाद (२०६५) *समुदायमा हस्तान्तरित भएका र नभएका सामुदायिक प्राथमिक विद्यालयहरुको आन्तरिक दक्षता र व्यवस्थापकीय पक्षको तुलनात्मक अध्ययन,* कीर्तिपूर : एम्.एड्.(अप्रकाशित शोधपत्र) केन्दिय क्याम्पस, कीर्तिपूर

भण्डारी, मुकुन्दप्रसाद (२०६१) *नेपालमा प्राथमिक शिक्षा,* काठमाण्डौ : शैक्षिक उन्नयन, शैक्षिक प्रवर्धन केन्द्र, नेपाल (सेडिन)

शिक्षा विभाग (२०६४) *शिक्षा विभागद्वारा गरिएको अध्ययनहरुको प्रतिवेदन,* भक्तपुर : अनुसन्धान तथा शैक्षिक सुचना व्यवस्थापन शाखा

खनाल, पेशल (२०६५) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौ : सनलाइट पब्लिकेशन (स्टुडेन्टस् बुक्स)

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६७) *शिक्षाको परिचय,* काठमाण्डौ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स

अर्याल, बैकुण्ठप्रसाद, निरौला, यादबचन्द्र, पौडेल, देवीप्रसाद, कोइराला, सीताराम (२०६२) *विद्यालय निरीक्षक प्रतियोगिता दिग्दर्शन,* काठमाण्डौ : मकालु बुक्स एण्ड स्टेशनरी

गौतम, गेहनाथ र निरौला, यादवचन्द्र (२०६१) *प्राथमिक शिक्षक प्रतियोगिता दिग्दर्शन,* काठमाण्डौ : मकालु बुक्स एण्ड स्टेशनरी

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६५) *प्राथमिक शिक्षा,* काठमाण्डौ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स

काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्रबहादुर, सिन्हा, रामस्वरुप (२०६४) *शैक्षिक प्रसासन र सुपरिवेक्षण,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार

पराजुली, तिर्थराज, खनाल, पेशल, भट्टराई, देवीप्रसाद, सुवेदी, खिमराज, अधिकारी, वालकृष्ण, निउरे, ध्रुवप्रसाद (२०६६) *शिक्षामा मापन तथा मुल्याङ्कन,* काठमाण्डौ : सनलाइट पब्लिकेशन (स्टुडेन्टस् बुक्स)

गौतम, रामप्रसाद (२०६७) *बालबिकास केन्द्रहरुमा भौतिक सुविधाहरुले सिकाइमा पारेको प्रभाव,* इन्द्रपुर : एम्. एड्. (अप्रकाशित शोधपत्र) सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६५) *शैक्षणिक बिधि,* काठमाण्डौ : एम.के.पब्लिशर्स एण्ड डिष्टीब्युटर्स

# सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

## अनुसूची - १

### विद्यालयको भौतिक तथा शैक्षिक सुविधा र अन्य सुविधाहरुको विवरण

१. कक्षामा वर्ग सम्बन्धि विवरण

| विवरण | पूर्व प्रा.वि. | कक्षा-१ | कक्षा-२ | कक्षा-३ | कक्षा-४ | कक्षा-५ | कक्षा-६ | कक्षा-७ | कक्षा-८ | कक्षा-९ | कक्षा-१० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्ग संख्या | | | | | | | | | | | |
| कक्षागत रुपमा प्रयोग भएका कोठा संख्या | | | | | | | | | | | |

२. विद्यालयको नाममा रहेको जग्गा

विगाह कट्ठा धूर

३. विद्यालयको नाममा रहेको जग्गा मध्ये विद्यालयको हाता तथा घेराबार भित्रको मात्र जग्गा

विगाह कट्ठा धूर

४. विद्यालयको घेराबारा ( कम्पाउण्ड वाल )

पक्कि पर्खाल कच्ची पर्खाल कांडेतार अन्य

५. (क) विद्यालयमा खानेपानीको व्यवस्था छ छैन

(ख) खानेपानीको श्रोत

पाइपधारा ट्युवेल इनार अन्य

६. (क) विद्यालयमा शौचालयको व्यवस्था छ छैन

(ख) शौचालय संख्या ढोका अनुसार कति छन् ? संख्या उल्लेख गर्नुपर्ने । संख्या

(ग) शिक्षक शिक्षिकाका लागि छुट्टै शौचालय, छ छैन

(घ) छात्राको लागि छुट्टै शौचालय, छ छैन

(ङ) छात्रका लागि छुट्टै शौचालय, छ छैन

७. (क) खेलमैदानको व्यवस्था, छ छैन

(ख) खेलमैदानको अबश्था,

पर्याप्त छ ठिकै छ पर्याप्त छैन

८. (क) विद्यालयमा कम्प्युटरको व्यवस्था, छ छैन

(ख) कम्प्युटरको छुट्टै कोठा छ छैन

(ग) कम्प्युटरको प्रयोग संख्यामा,

कार्यालय प्रयोजवनको लागि विद्यार्थीहरुको लागि

९. विद्यालयमा विद्युतीकरणको व्यवस्था छ छैन

१०. (क) जम्मा भवन संख्या, वटा

(ख) जम्मा भवन मध्ये, पक्कि वटा कच्ची वटा

| | | |
|---|---|---|
| (ग) जम्मा कोठा संख्या | वटा | |
| ११. प्र.अ. कक्ष छुट्टै | छ | छैन |
| १२. बैठक कक्ष छुट्टै | छ | छैन |
| १३. प्रयोगशाला | छ | छैन |
| १४. सभाहल | छ | छैन |
| १५. पुस्तकालय | छ | छैन |
| १६. चमेनागृहको व्यवस्था | छ | छैन |
| १७. शिक्षक स्टाफ कोठा | छ | छैन |
| १८. विद्यालय हाताभित्र फूलबारीको व्यवस्था | छ | छैन |
| १९. विद्यालय हाताभित्र वृक्षारोपणको व्यवस्था | छ | छैन |
| २०. विद्यालयमा सूचनापाटीको व्यवस्था | छ | छैन |
| २१. विद्यालयमा गेट (प्रवेशद्वार) को व्यवस्था | छ | छैन |
| २२. विद्यालय हाताभित्र पार्किङ्गको व्यवस्था | छ | छैन |

## सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

### अनुसूची - २

### शैक्षणिक योजनाको विवरण

विद्यालयको नाम :

ठेगाना :

| क.सं. | शैक्षणिक योजना | निर्माण | | कार्यान्वयन | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन | |
| १ | वार्षिक कार्य तालिका | | | | | |
| २ | वार्षिक कार्य योजना | | | | | |
| ३ | एकाइ योजना | | | | | |
| ४ | दैनिक पाठयोजना | | | | | |
| ५ | दैनिक कक्षा तालिका | | | | | |

## सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

### अनुसूची - ३

### छात्रावासको विवरण

विद्यालयको नाम :

ठेगाना :

| क.सं. | छात्रावासको सुविधा | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | वार्डेन | | | |
| २ | पढ्ने कोठा | | | |
| ३ | क्यान्टिन | | | |
| ४ | शौचालय | | | |
| ५ | खानेपानी | | | |

## सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

## अनुसूची - ४

### भौतिक संरचनाको सुरक्षा विवरण

विद्यालयको नाम :

ठेगाना :

| क.सं. | सुरक्षा | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | पाले/कर्मचारी | | | |
| २ | झ्याल ढोकामा ताला चावी लगाउने व्यवस्था | | | |
| ३ | घेराबारा | | | |

## सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

### अनुसूची - ५

### सिकाइ उपलब्धि विवरण

विद्यालयको नाम :

ठेगाना :

| क.सं. | कक्षा | सिकाइ उपलब्धि |
|---|---|---|
| १ | वालकक्षा | |
| २ | कक्षा १ | |
| ३ | कक्षा २ | |
| ४ | कक्षा ३ | |
| ५ | कक्षा ४ | |
| ६ | कक्षा ५ | |
| ७ | कक्षा ६ | |
| ८ | कक्षा ७ | |
| ९ | कक्षा ८ | |
| १० | कक्षा ९ | |
| ११ | कक्षा १० | |

## सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

### अनुसूची - ६

### शिक्षक विवरण

विद्यालयको नाम :

ठेगाना :

| क.सं. | नाम थर | योग्यता | तह | स्थायी/अस्थायी | तालिम प्राप्त/अप्राप्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |


## सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था


### अनुसूची - ७

### प्रधानाध्यापकलाई सोधिने प्रश्नहरु

प्र.अ.को नाम : मिति :

विद्यालयको नाम : उमेर :

ठेगाना :                                                    लिङ्ग :

१. तपाईको विद्यालयको स्थापना कहिले भएको हो र यो विद्यालय कहिलेदेखी गुठीद्वारा सञ्चालन गरिएको हो ?

२. यो विद्यालय सञ्चालन गर्न तयार गरिएको शैक्षिक गुठीमा कति सदस्यहरु हुनुहुन्छ र गुठीको कुल रकम कति रहेको छ ?

३. विद्यालयको लागि आवश्यक पुस्तकहरु, खेलकूदका सामग्रीहरु लगायत अन्य शैक्षिक सामग्रीहरुको व्यवस्थापन कसरी गर्नुभएको छ ?

४. विद्यालयमा भएका भवन, फर्निचर, खेलमैदान लगायत अन्य पक्षहरु गुठीबाट मात्रै निर्माण गरिएको हो कि अन्य सोतहरुबाट पनि गरिएको छ ?

५. यस विद्यालयका भौतिक तथा शैक्षिक पक्षमा जि.शि.का.बाट कस्तो सहयोग प्राप्त हुने गरेको छ ?

६. विद्यालय व्यवस्थापन समितिको गठन कसरी गर्नुभएको छ ?

७. विद्यालयमा आवश्यक पाठ्यक्रम गुठीले आफैं तयार गरेको छ कि, सरकारी पाठ्यक्रम अनुसार नै लागू गर्नुभएको छ ?

८. विद्यालयको भौतिक पक्षमा के कस्ता समस्याहरु रहेका छन् ?

९. विद्यालयका भौतिक पक्षका समस्याहरु समाधान गर्ने उपायहरु के कस्ता हुन सक्छन् ?

१०. विद्यालयको शैक्षिक क्षेत्रमा तापईले के के समस्याहरु देख्नुभएको छ ?

११. ती समस्याहरु समाधानका लागि सुझावहरु के के दिन चाहनु हुन्छ ?

१२. विद्यालयमा शैक्षणिक पक्षका कुन कुन योजनाहरु बनाउने गर्नु भएको छ र क-कसको सहयोगमा बनाउनु हुन्छ ?

१३. विद्यालयमा शैक्षिक पक्षको मूल्याङ्कन क-कसबाट कसरी हुन्छ ?

१४. शिक्षक कसरी नियुक्ति गर्नुहुछ ? प्रक्रिया बताइ दिनुहुन्छ कि ?

## सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

### अनुसूची - ८

### गुठीयारलाई सोधिने प्रश्नहरु

गुठीयारको नाम : मिति :

गुठीको नाम : उमेर :

ठेगाना : लिङ्ग :

१. यो सार्वजनिक शैक्षिक गुठीको स्थापना कहिले भएको हो ?

२. गुठीयारको सदस्य संख्यामा थपघट सम्बन्धि कस्तो व्यवस्था छ ?

३. गुठीमा सङ्कलित रकमले विद्यालय व्यवस्थापनको कुन-कुन क्षेत्रमा सहयोग गर्ने गरेको छ ?

४. गुठीले विद्यालयमा के कस्ता भौतिक सुविधाहरु उपलब्ध गराएको छ ?

५. विद्यालयको भौतिक पक्षमा तपाईले के कस्ता समस्याहरु देख्नु भएको छ ?

६. विद्यालयमा देखिएका ती भौतिक पक्षका समस्या समाधानका उपायहरु के के हुन सक्छन् ?

७. विद्यालयको शैक्षिक पक्षमा गुठीले देखेका समस्याहरु के के छन् ?

८. ती समस्याहरु समाधान गर्ने उपायहरु के के हुन सक्छन् ?

९. विद्यालयका के कस्ता कार्यक्रमहरुमा गुठीयारहरुलाई बोलाउने गरिएको छ ?

## सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

## अनुसूची - ९

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई सोधिने प्रश्नहरु

अध्यक्षको नाम : मिति :

विद्यालयको नाम : उमेर :

ठेगाना : लिङ्ग :

१. विद्यालय व्यवस्थापन समितिको संरचना कस्तो रहेको छ ?

२. विद्यालयमा आवश्यक पर्ने शिक्षक छनौट कसरी गर्नुहुन्छ ?

३. शिक्षक छनौट गर्दा के-कस्ता समस्याहरु भोग्नु परेको छ ?

४. शिक्षकहरुलाई तालिम कसरी प्रदान गर्नुहुन्छ ?

५. कक्षा अवलोकन, निरीक्षण कसरी गर्ने गर्नु भएको छ ?

६. विद्यालयको भौतिक पक्षमा के कस्ता समस्याहरु रहेका छन् ?

७. ती समस्याहरु कसरी समाधान गर्न सकिन्छ ?

८. विद्यालयको शैक्षिक पक्षमा तापई के कस्ता समस्याहरु देख्नुहुन्छ ?

९. ती समस्याहरुको समाधान गर्ने उपायहरु के के हुन सक्छन् ?

## सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

### अनुसूची - १०

### शिक्षकलाई सोधिने प्रश्नहरु

शिक्षकको नाम : मिति :

विद्यालयको नाम : उमेर :

ठेगाना : लिङ्ग :

१. तपाइंले शिक्षण सम्बन्धि कुनै तालिम लिनु भएको छ भने कस्तो प्रकारको लिनु भएको छ ?

२. कक्षा शिक्षण गर्दा पाठ योजना बनाउने गर्नु भएको छ ?

(क) छ (ख) छैन

३. शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा के कस्ता शैक्षिक सामग्री प्रयोग गर्नु हुन्छ ?

४. तपाइंलाई प्रदान गरिने तलब, भत्ता कुन स्तरको छ ?

(क) सरकारी स्तर (ख) सरकारी स्तर भन्दा कम (ग)सरकारी स्तर भन्दा बढी

५. तपाई कक्षाकोठा व्यवस्थापन कसरी गर्नुहुन्छ ?

६. तपाईको विद्यालयमा परीक्षा कसरी सञ्चालन गरिन्छ ?

७. विद्यालयको भौतिक पक्षमा तपाई के कस्ता समस्याहरु देख्नुहुन्छ ?

८. विद्यालयको शैक्षिक पक्षमा तपाई के कस्ता समस्याहरु देख्नुहुन्छ ?

९. विद्यालयको भौतिक पक्षमा सुधार ल्याउने उपायहरु के के हुन सक्छन् ?

१०. विद्यालयको शैक्षिक पक्षमा सुधार ल्याउन के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

११. अतिरिक्त क्रियाकलाप अन्तर्गत तपाईको विद्यालयमा के कस्ता कार्यक्रमहरु कहिले कहिले सञ्चालन हुने गरेका छन् ?

# सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

## अनुसूची - ११

### शिक्षक अभिभावक संघका अध्यक्षलाई सोधिने प्रश्नहरु

नाम : मिति :

विद्यालयको नाम : उमेर :

ठेगाना : लिङ्ग :

१) तपाई शिक्षक अभिभावक संघको अध्यक्ष पदमा कहिले देखि कार्यरत हुनुहुन्छ ?

२) विद्यालयको सामाजिक परीक्षण कसरी गर्ने गर्नु भएको छ ?

३) विद्यालयले बनाएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था कस्तो रहेको छ ?

४) विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुलाई के कस्ता भौतिक सुविधाहरु उपलब्ध गराइएको छ ?

५) शिक्षक तथा विद्यार्थीहरुलाई अझ सुविधा प्रदान गर्न के कस्ता सुविधाहरु थप गर्न सकिन्छ ?

६) विद्यालयको भौतिक पक्षमा के कस्ता समस्याहरु रहेका छन् र ती समस्याहरुको समाधान कसरी गर्न सकिन्छ ?

७) विद्यालयको शैक्षिक पक्षका समस्याहरु के के छन् र ती समस्याहरु समाधान गर्ने उपाय के हुन सक्छ ?

## सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

## अनुसूची - १२

**अन्तरवार्तामा सहभागी प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, गुठीयारहरु, शिक्षकहरु र शिक्षक अभिभावक संघका अध्यक्षहरु**

(क) प्रधानाध्यापकहरु

| क.सं. | प्र.अ. | विद्यालय |
|---|---|---|
| १ | श्री चाणक्यदेव उप्रेती | श्री गुरुकुल मा. वि., बिराटनगर |
| २ | श्री हरिप्रसाद ढकाल | श्री भानु मेमोरियल अं.मा.वि., बेलबारी |
| ३ | श्री उपेन्द्र कडेल | श्री भू.पू. सैनिक अं मा. वि., पथरी |

(ख) वि.व्य.स.का अध्यक्षहरु

| क.सं. | अध्यक्षको नाम | विद्यालय |
|---|---|---|
| १ | श्री बिनोदकुमार डालमिया | श्री गुरुकुल मा. वि., बिराटनगर |
| २ | श्री महेन्द्रप्रसाद सुबेदी | श्री भानु मेमोरियल अं.मा.वि., बेलबारी |
| ३ | श्री भिमबहादुर राना मगर | श्री भू.पू. सैनिक अं मा. वि., पथरी |

(ग) गुठीयारहरु

| क.सं. | गुठीयारको नाम | विद्यालय |
|---|---|---|
| १ | श्री उमा उप्रेती | श्री गुरुकुल मा. वि., बिराटनगर |
| २ | श्री ओमप्रकाश ढकाल | श्री गुरुकुल मा. वि., बिराटनगर |
| ३ | श्री लक्ष्मीप्रसाद राई | श्री भानु मेमोरियल अं.मा.वि., बेलबारी |
| ४ | श्री मणिराज लुइटेल | श्री भानु मेमोरियल अं.मा.वि., बेलबारी |
| ५ | श्री कृष्ण ओखाबु | श्री भू.पू. सैनिक अं मा. वि., पथरी |
| ६ | श्री हरीप्रसाद सुब्बा | श्री भू.पू. सैनिक अं मा. वि., पथरी |

(घ) शिक्षकहरु

| क.सं. | शिक्षकको नाम | विद्यालय |
|---|---|---|
| १ | श्री गोपालप्रसाद काफ्ले | श्री गुरुकुल मा. वि., बिराटनगर |
| २ | श्री हरीप्रसाद ढुङ्गाना | श्री गुरुकुल मा. वि., बिराटनगर |
| ३ | श्री कृष्णप्रसाद दुलाल | श्री भानु मेमोरियल अं.मा.वि., बेलबारी |
| ४ | श्री देवीप्रसाद सुबेदी | श्री भानु मेमोरियल अं.मा.वि., बेलबारी |
| ५ | श्री किशोर खड्का | श्री भू.पू. सैनिक अं मा. वि., पथरी |
| ६ | श्री निर्मल निरौला | श्री भू.पू. सैनिक अं मा. वि., पथरी |

(ङ) शि. अ. संघका अध्यक्षहरु

| क.सं. | अध्यक्षको नाम | विद्यालय |
|---|---|---|
| १ | श्री लक्ष्मीप्रसाद ढुङ्गाना | श्री गुरुकुल मा. वि., बिराटनगर |
| २ | श्री हर्कबहादुर गुरुङ्ग | श्री भानु मेमोरियल अं.मा.वि., बेलबारी |
| ३ | श्री जङ्गबहादुर गजमेहर | श्री भू.पू. सैनिक अं मा. वि., पथरी |